# आमाबुवाबाट हेरचाह बालअधिकारका लागि
# बालअधिकार कार्यकर्ता !

---

## तालिम पुस्तिका

---



## आमाबुवाबाट हेरचाह बाल अधिकारका लागि  बाल अधिकार कार्यकर्ता !

STOP CHILD SEPARATION

बाल बिछोड रोकौं

# बाल बिछोड रोकौं


CWISH
सिविस
समाज सेवा तथा मानव अधिकारमा
महिला र बालबालिका

(Affiliated to Purbanchal University)
KADAMBARI
MEMORIAL COLLEGE
School of Social Work

| | |
|---|---|
| प्रकाशक | : बाल बिछोड रोकौं परियोजना २०१९, सिविस |
| पाठ्यवस्तु विकास र लेखन | : प्रदिप्ता कादम्बरी, कादम्बरी मेमोरियल कलेज |
| पाठ्यवस्तु सहयोग | : रिटा टिसडेल, अल्टर नेटिभ टु सेपरेसन (एटोस), डेनमार्क<br>मनिता धरेल, सिविस |
| समिक्षा र सुझाव | : विन्दु पोखरेल गौतम, सिविस |
| नेपाली अनुवाद | : प्रमिता भुषण ढुंगाना |

# प्राक्कथन

आमाबुवाको महत्वपूर्ण हेरचाहमा हुर्कन पाउनु हरेक बालबालिकाको अधिकार हो । विभिन्न कारणले गर्दा नेपाली बालबालिका आफ्ना आमाबुवा र परिवारबाट बिछोडमा पर्न बाध्य भैरहेका छन् । सन् २०१०/११ मा प्रकाशित नेपालको बालबालिका स्थिति अध्ययनले १५ वर्षसम्मका २० लाखभन्दा बढी बालबालिका घर बाहिर बस्ने गरेको देखाएको छ । यी तथ्याङ्कहरूमा बोर्डिङ स्कूलहरूमा बस्ने बालबालिकाहरू समावेश छैनन् । यसरी नै २०१९/२० को रिपोर्टले १५,३५० बालबालिका विभिन्न बालगृहमा बस्दै आएको देखिएको छ। यसरी संस्थागत हेरचाहमा हुर्कने बालबालिकामध्ये ८०% बालबालिकाको आमाबुवा मध्ये एकजना जीवितै रहेको विश्वस्तरमा भएका अध्ययनले प्रष्ट पारेको छ । नेपालमा पनि आमा बुवा मध्ये एकजना जीवितै भए पनि अनाथालय वा बालगृहमा बस्ने बालबालिकाहरुको संख्या उल्लेख्य छ। कतिपय यस्ता आवासीय हेरचाह स्थानहरुमा दक्ष कर्मचारी वा कार्यकर्ताको अभाव, बाल हेरचाह ज्ञानको अभाव र अनुगमनको अभावमा जोखिमयुक्त अवस्थामा बालबालिका संस्थागत हेरचाहमा रहन बाध्य भएको पाईन्छ ।

यस विषयमा विगतमा ८० वर्षभन्दा लामो, विश्वस्तरको अध्ययन, अनुसन्धान र अनुभवले संस्थागत हेरचाहमा बालबालिकाका शारीरिक, भावनात्मक र मानसिक विकास र स्वास्थ्यमा प्रतिकुल असर परेका तथ्यहरु उजागर भएका छन् । यस्तै रसियामा भएको एक अध्ययनले परिवारमा हुर्केका बालबालिकाका भन्दा संस्थागत हेरचाहमा हुर्केका बालबालिकाहरू ५०० गुणा बढी आत्महत्या गर्न सक्ने, साथै ४० गुणा बढी आपराधिक क्रियाकलापमा संलग्न हुन सक्ने देखाएको थियो। यस्तो व्यक्तिगत रुपमा हुने हानी बाहेक आमाबुवाबाट अलग रहँदा बालबालिकाले सामाजिक हानी पनि बेहोर्नु परेको हुन्छ। वयस्क अवस्थामा सामाजिकिकरण अभ्यासको कमीका कारण समाजका विभिन्न क्षेत्रमा संलग्न भई योगदान दिने नागरिकको रुपमा आफूलाई प्रस्तुत गर्न गाह्रो हुने पनि देखिएको छ ।

आमाबुवाबाट हेरचाह बाल अधिकारको प्रवर्धन र सम्वर्धन,नेपालको बाल अधिकार क्षेत्रमा अझै पनि नयाँ विषयवस्तुको रुपमा देखिन्छ । गरिबी, दश वर्षे सशस्त्र द्वन्द्व, संविधान निर्माणको एक दशक, पहिरो र बाढीजस्ता प्राकृतिक प्रकोप, गुणस्तरिय शिक्षा, उन्नत भविष्य र राम्रो जीवनयापनका लागि बालबालिका परिवारबाट अलग्गाउनु सामाजिक रुपमा सामान्य मानिएको अहिलेको अवस्थामा, यस घटनाक्रम बाल बिछोडका दृष्टिकोणबाट चर्चामा कम रहने गरेको छ । बाल बिछोडले बाल अधिकार हनन् हुने र बालबालिकालाई हुने हानी बारेमा आमाबुवा, परिवार, कानून निर्माता, सामाजिक विकास कार्यमा लागेको संघ संस्था, सरकारी कर्मचारी आदिले कम ध्यान दिईएको, कम बुझेको वा नबुझेको र कमै मात्र खोजविन भएको विषय बनेको छ ।

नेपालमा धेरै गैहसरकारी संस्था बाल अधिकारका क्षेत्रमा कार्यरत रहेता पनि, थोरै संस्थाहरु मात्र आमाबुवाबाट हेरचाह बाल अधिकार सुनिश्चितता र प्रवर्धन गर्ने कार्यमा संलग्न रहेका छन् । नेपाल सरकारको बालबालिका सम्बन्धी ऐन २०७५ ले संस्थागत हेरचाहलाई अन्तिम विकल्पको रुपमा किटान गर्नुका साथै बालबालिकालाई अनावश्यक बिछोडमा नपार्ने नीति र कार्यक्रम तय गरेता पनि आवश्यक श्रोत, विषयगत ज्ञान र तालिम प्राप्त जनशक्तिको अभावमा कार्यान्वयन पक्ष कमजोर हुँदा स्थानीय र देशव्यापी तहमा बाल बिछोडको स्थितिमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । हाल बालबालिकाको संरक्षण र बाल अधिकार सुनिश्चिताको जिम्मेवारी स्थानीय तहमा आएकोले स्थानीय बाल संरक्षण संयत्र/प्रणालीको क्षमता विकास र सुदृढीकरण गर्नु बाल अधिकार क्षेत्रमा कार्यरत सबै संस्थाहरुको प्राथमिकता हुनु पर्ने देखिन्छ किनकि आमाबुवाबाट हेरचाह बाल अधिकार,बाल बिछोडको दुष्परिणाम र बिछोडको उत्तम विकल्पका विषयमा धेरैजसो राजनीतिज्ञहरु,दाताहरु,परिवार र आमाबुवाहरु पनि अनभिज्ञ रहेका पाईन्छ ।

विगत एक दशक भन्दा बढी समयदेखि समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस), आमाबुवाबाट हेरचाहको बाल अधिकारको लागि क्रियाशील रहेको छ । विगतका परियोजनाहरुको अनुभवमा समुदाय स्तरमा बालबालिका र परिवारसंग प्रत्यक्ष रुपमा काम गर्ने कार्यकर्ताहरुमा यस विषयको ज्ञान र सीपको कमी रहेको पाईएको छ। बालबालिकाको आमाबुवाबाट हेरचाहको बाल अधिकार बिषय ओंझेलमा पर्न नदिन र बाल संरक्षण कार्य सुदृढ गर्न सिविस र समाज कार्य विषयको साझेदार शैक्षिक संस्था कादम्बरी मेमोरियल कलेजले समुदयस्तरका बाल अधिकार कार्यकर्तालाइ प्रशिक्षित गर्न अवधारणा र यस तालिम पुस्तिका तयार पारेको  छ। बाल बिछोडको दुष्परिणामबाट बालबालिकालाई जोगाउन र बाल संरक्षण क्षेत्रमा संलग्न संस्था साथै अन्य निकायका बाल अधिकार कार्यकर्ताको दक्षता अभिवृद्धिका लागि पनि उपयुक्त हुने गरि यो तालिम पुस्तिका सहजकर्ता सहायकको रुपमा निर्माण गरिएको छ। बालबालिकाको आमाबुवाबाट महत्वपूर्ण हेरचाह र आमाबुवा टाढा बस्न आवश्यक भएका बालबालिकाको उत्तम वैकल्पिक हेरचाहका उपाय विषय केन्द्रित, यस तालिम पुस्तिका समाज कार्यमा स्नातक (वि.एस.डब्लु) व्यक्ति लगायत बाल अधिकार अभियन्ता, बाल अधिकार क्षेत्रमा काम गर्ने परियोजना संयोजक जस्ता अनुभवी व्यक्ति सहजकर्ता हुने गरि यस पुस्तिकाको विषयवस्तु तयार गरिएको छ। यद्यपि आमाबुवाबाट हेरचाह बाल अधिकार प्रवर्धन र संरक्षणमा रुचि राख्ने सबैको लागि पनि यो पुस्तिका सहायक हुन सक्दछ। यस तालिममा सहभागीताका निमित्त कक्षा १२ अध्ययन गरेका ब्यक्तिहरुलाई प्राथमिकतामा राखिएको छ। यस पुस्तिकामा लेखिएका सामाग्रीहरु प्रशिक्षण प्रदान गर्न मार्गदर्शन र स्रोत सामाग्री तयार गर्न समेत उपयोगी हुने विश्वास लिईएको छ। बाल बिछोडका विषयमा थप जानकारी लिन वा अरुसंग आफ्ना अनुभव, ज्ञान, सामाग्री साझा गर्न www.stopchildseparation.org अनलाईन स्रोत उपलब्ध रहेको छ यस तालिम निर्देशिका सम्बन्धी सामाग्रीहरु https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manualsमा उपलब्ध गराईएको छ।

# पुस्तिकाको भूमिका र संरचना

यस सहजकर्ता निर्देशिकामा बालबालिकाका आमाबुवाबाट हेरचाह बाल अधिकार अवधारण र पारिवारिक हेरचाह प्रवर्धन गर्न सघाउ पुग्ने गरी ८ सत्रहरु रहेका छन् । यी सत्रहरु दुई दिनमा सकिने गरि कार्यक्रम तालिकामा तयार पारिएको छ । यसलाई आफ्नो समय र परिस्थिति अनुसार क्रम नबिग्रने गरि भिन्न कार्यक्रम तालिकामा पनि संचालन गर्न सकिनेछ ।

- **सत्र १ : स्वागत, बिषय वस्तु प्रवेश तथा प्रशिक्षण वातावारण तयारी**
- **सत्र २: आमाबुवाबाट हेरचाहको बाल अधिकार**
  - क्रियाकलाप २.१ : आमाबुवा र आमाबुवाबाट हेरचाहको अर्थ
  - क्रियाकलाप २.२ : आमाबुवाबाट पालन पोषण र बाल हेरचाह कर्तव्य
  - क्रियाकलाप २.३ : उचित पालन पोषणको लागि बाल हेरचाहका छाता
- **सत्र ३ : बाल बिछोड र बालबालिकामा यसका दुष्परिणाम**
  - क्रियाकलाप ३.१ : बाल बिछोड र बाल बिछोड हुंदा पर्ने आघात
  - क्रियाकलाप ३.२ : बालगृह जस्तो संस्थागत हेरचाह र बालबालिकामा हुने हानी
- **सत्र ४ : परिवार र आमाबुवाबाट हेरचाह बाल अधिकार**
  - क्रियाकलाप ४.१ : आमा बुवाबाट हेरचाह बाल अधिकारको विश्वव्यापी र स्थानीय संवाहकहरु
  - क्रियाकलाप ४.२ : बालबालिकाको सर्वोत्तम हितको लागि पारिवारिक हेरचाह
- **सत्र ५: आमाबुवा र परिवारबाट हेरचाह बाल अधिकारका आवश्यकता र उपयुक्तताको सिद्धान्तहरु**
  - क्रियाकलाप ५.१ : नेपालमा बालबालिका परिवार र आमा बुवाबाट बिछोडमा पर्ने कारण
  - क्रियाकलाप ५.२ : अनावश्यक बाल बिछोड र बाल बिछोडमा आवश्यकताको सिद्धान्त
  - क्रियाकलाप ५.३ : वैकल्पिक हेरचाहमा उपयूक्तताको सिद्धान्त
- **सत्र ६ : बालबालिकालाई परिवार साथै राखौ**
  - क्रियाकलाप ६.१ : बालबालिकालाई परिवारसंगै राख्न गेटकीपिंग सयन्त्र
  - क्रियाकलाप ६.२ : परिवेश अनुरुप फरक फरक गेटकिपिङ्ग संयन्त्र
- **सत्र ७ : बाल अधिकार कार्यकर्ताहरुको क्षमता निर्माण**
  - क्रियाकलाप ७.१ : बाल अधिकार कार्यकर्ताहरु सामाजिक परिवर्तनका सुत्रधार
  - क्रियाकलाप ७.२ : बाल अधिकार कार्यकर्ताको सीप र व्यवहार
  - क्रियाकलाप ७.३ : घटना व्यवस्थापन र घटना सम्प्रेषण प्रक्रिया
- **सत्र ८: समापन**

# सत्र १
# स्वागत, बिषयवस्तु प्रवेश तथा प्रशिक्षण वातावारण तयारी

**समयः** १ घन्टा

**विधिः** सहभागीमूलक क्रियाकलाप, प्रश्न उत्तर/ परिचय आदानप्रदान, छलफलमा आधारित सहमति निर्माण,पावोर पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा तयार पारिएको सामाग्री

**तालिम सामग्रीः** चार्ट पेपर,मेटा कार्ड,न्यूज प्रिन्ट,मार्कर

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals

## सत्रको उदेश्य :

- एक अर्कासंग परिचित हुन,
- आफ्नो बारेमा अन्य सहभागी साथीहरुलाई बताउन,
- सहभागी, सहजकर्ता र कार्यक्रमको अपेक्षा बारेमा छलफल गर्न,
- तालिमको नियमहरु छलफल गरी सहमती निर्माण गर्न,
- तालिमको उद्देश्यबारे स्पष्ट हुन ।

## क्रियाकलाप १. १ : स्वागत र परिचय कार्यक्रम

- आमा बुवाबाट हेरचाहको बाल अधिकार संरक्षण र प्रवर्धन गर्ने दुई दिने तालिम कार्यशालामा सबै सहभागीहरुलाई स्वागत गर्ने ।
- सबै सहभागीहरुलाई परिचयात्मक कार्यक्रमको लागि तयार गराउने ।
- आफुले नचिनेको वा नभेटेको साथी छान्न लगाउने, त्यसपछि उक्त साथीको बारेमा सोध्ने

  १. नाम

  २. कुन संस्थामा आबद्ध छन् (पद होइन)

  ३ साथीको एक रोचक कुरा

त्यस मध्ये एक जना साथीले अर्को साथीको परिचय अन्य सहभागी माझ गर्न लगाउने ।

*नोटः सहभागिताहरुलाई रोचक तरिकाले एक अर्कामा घुलमिल हुने गरी परिचय भिन्न तरिकाले पनि गराउन सकिने छ ।*


## क्रियाकलाप १.२: अपेक्षा संकलन

- सबै सहभागीहरुलाई १,२,३ गन्न लगाई ३ वटा समुहमा विभाजन गर्ने
- भित्तामा ३ वटा चार्ट पेपर टास्ने र निम्न बमोजिम लेख्ने ।

  १. प्रशिक्षण सामाग्री

  २. सहजकर्ता

  ३. सहभागी
- प्रत्येक समुहलाई एउटा एउटा चार्ट पेपरको अगाडी उभिएर आ-आफ्नो विषयका प्रश्नमा छलफल गरि चार्ट पेपरमा लेख्न लगाउने




१. प्रशिक्षण सामाग्री : म यो तालिमबाट के सिक्न चाहन्छु ?

२. सहजकर्ता : मैले सहज तरिकासंग सिक्नको लागि सहजकर्ताले के गर्नु पर्ला ?

३. सहभागीहरु : मैले सहज तरिकाले सिक्नको लागि म साथीहरुबाट के आशा/अपेक्षा राख्छु ?

- ३ मिनेट पछि प्रत्येक समुहका सहभागीहरुलाई एउटा चार्ट पेपरबाट अर्को चार्ट पेपरमा जान लगाउने र पढी केही थप्न पर्ने भए थप्न लगाउने ।
- सहभागीहरुबाट आएको अपेक्षाहरुलाई पढ्ने, सामाग्रीमा तालिमको उद्देश्य अनुसार अपेक्षा मिलान गर्ने र सहभागीहरुबाट उल्लेख गरेका कुरा समेटेर नियमहरु बनाउदै सबैका लागि उत्तम प्रशिक्षणको वातावरण तयार पार्ने ।
- पावोर पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा तयार पारिएको सामाग्री देखाउदै तालिमको उद्धेश्य प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ बालबालिकाको उचित विकासको लागि परिवार सबैभन्दा उपयुक्त वातावरण प्रदान गर्ने प्राकृतिक सामाजिक एकाई हो । बाल विकासका विविध पक्ष र बाल हेरचाह बिचको सम्बन्ध विषयमा बुझाईको कमीले बालबालिकाहरु परिवार र आमाबुवाबाट बिछोडमा पर्ने क्रम जारी नै छ । यसले गर्दा बालबालिकाहरु सामञ्जस्यपूर्ण विकासमा अवरोध मात्र नभई जीवन नै खतरा हुने अवस्थामा पर्दछन् । बाल संरक्षणमा अग्रपङ्तिका कार्यकर्ताको रुपमा सामाजिक कार्यकर्ता, बाल अधिकार कार्यकताहरुले प्रत्येक बालबालिकाको परिवार र उनीहरुको आमा बुवाको हेरचाह  बाल अधिकार संरक्षण र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

✍ यो तालिम बालबालिकाको आमाबुवाबाट पालन पोषणको बाल अधिकार बुझ्न र बालबालिकालाई परिवारसगै राख्नको लागी बाल अधिकार कार्यकर्ताहरुको क्षमता विकास गर्न तयार पारिएको छ । यो तालिम ज्ञान अभिवृद्धि र कार्यदक्षता निर्माणमा केन्द्रित रहने गरि विकास गरिएको छ ।

# सत्र २
# आमाबुवाबाट हेरचाहको बाल अधिकार

**समय** : १ घन्टा ३० मिनेट

**विधि**: सहभागीमूलक क्रियाकलाप, व्याख्यान, सोधपुछ आधारित सिकाई, आत्म चिन्तन, चिन्तनशील छलफल

**तालिम** सामग्री : चार्ट पेपर, मेटा कार्ड, पावोर पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा तयार पारिएको सामाग्री, मार्कर



*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्क:* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals

### सत्रको उद्देश्य: यस सत्र अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन् ।

- ❖ बालबालिकाको पालन पोषण आवश्यकता र आमाबुवाको पालन पोषण कर्तव्यको अर्थ बुझ्न,
- ❖ बालविकासको लागी माया, न्यानोपन र परिवारको महत्वको बुझाईमा स्पष्ट हुन,
- ❖ बालबालिकाको विकास र व्यक्तित्व निर्माणको समयमा बाल आवश्यकताहरु बुझ्न ।

यो सत्रले सहभागीहरुलाई आफ्नो बाल्यकालको अनुभवबाटै आमाबुवाको ममत्वपूर्ण हेरचाह (अभिभावकीय हेरचाह) र अभिभावकत्वको विषयमा चिन्तन गर्दै यसको अर्थ र मर्म बुझ्न मद्दत गर्छ । यसले सहभागीहरुलाई आफ्नो बाल्यअवस्था, आफ्ना विकासमा आमाबुवाहरुको आवश्यकताका साथै उनीहरुको कर्तव्य बुझ्दै बालबालिकाका जीवनमा आमाबुवाबाट गरिने पालन पोषणको महत्व बुझाई अभिबृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

### क्रियाकलाप २.१ : आमाबुवा र आमाबुवाबाट हेरचाहको अर्थ

### विधि: चिन्तनशील छलफल

- प्रत्येक सहभागीलाई एउटा मेटाकार्ड दिने र उक्त मेटाकार्डमा आफूलाई हेरचाह पालन पोषण गर्ने आमा, बुवा जस्ता अभिभावकलाई जनाउने एक शब्द लेख्न लगाउने ।
- यो शब्दसंग मनमा के सम्झना आउँछ, सहभागीहरुलाई सोच्न लगाउने ।
- मनमा आएको कुरा, सम्झना शब्दको मुनि लेख्न लगाउने (जस्तैः माया गर्ने, हेरचाह गर्ने, पालन पोषण गर्ने, जन्म दिने ) ।
- आफ्नो व्यक्तिगत अनुभवको आधारमा आमाबुवा वा अभिभावकको अर्थ आफुले लेखेको शब्द र त्यस सम्बन्धि कुरा सहभागीहरु माझ बताउन लगाउने ।
- आमाबुवाको सामान्य अर्थ भनेको आफ्ना सन्तानलाई मायाले हुर्काउने व्यक्तिहरु हुन् र बालबालिका सबै भन्दा ठूला भरोसा हुन् । पारिवारमा आमाबुवाको मायालु पालन पोषणले बालबालिकाहरु स्वस्थ भई आफ्नो क्षमताको राम्रोसंग विकास गर्न सक्छन् भन्दै पालन पोषण बालबालिकाको आवश्यकता र आमाबुवाको कर्तव्य भएका मुख्य सन्देश सहित प्रष्ट पार्ने ।

*नोट : आफ्नो आमाबुवा तथा बाल्यकालको अनुभव सुनाउदा सहभागीहरु भावुक हुन सक्ने कुरालाई ध्यान दिने । साथै परिवारको विषय वस्तु छलफल हुने हुँदा सहभागीहरुलाई गोपनियताको विषय सम्झाउने र तालिममा साझा गरिएको पारिवारिक घटनाहरु तालिम भित्रै मात्र समित हुने कुरा पक्का गर्ने ।*

## मुख्य सन्देश

✍ बाल्यकाल मानव जीवनको शारिरिक र भावनात्मक रुपमा सबैभन्दा सम्वेदनशील अवस्था हो । यसैले कुनै पनि बालबालिकाको जीवनमा सामंजस्यपूर्ण विकासको लागि आमाबुवाबाट उचित पालन पोषण अति आवश्यक हुन्छ ।

✍ आमाबुवा भनेका जन्म दिने, व्यक्तिगत आवश्यकताहरु पुरा गर्ने र बालबालिकाहरुलाई उनीहरुको उच्चत्तम विकासको लागि आवश्यक माया, न्यानोपन र उचित मार्गदर्शन प्रदान गर्ने व्यक्तिहरु हुन् ।

## क्रियाकलाप २.२ : आमाबुवाबाट पालन पोषण र बाल हेरचाह कर्तव्य

### विधि: समुहगत छलफल

- सहभागीहरुलाई ३ वटा समुह बनाउन लगाउने र आफ्नो बाल्यकालमा सम्झन लगाउने
- ३ वटा फरक रङ्गको चार्ट पेपरहरु भित्तामा टास्ने र त्यसमा ३ वटा प्रश्नहरु लेख्ने

  १. बाल्यकालमा आमाबुवाबाट कस्तो हेरचाह वा पालन पोषण पाउनुभएको थियो ?

  २. कुनै त्यस्तो घटना छ जहाँ तपाईले आफुलाई एक्लो,वास्ता नगरेको वा बिर्सिएको जस्तो अनुभव गर्नु भएको थियो ?

  ३. त्यस्तो बेलामा कस्तो महशुस भयो ?
- प्रत्येक समुहलाई १, १ वटा प्रश्न दिने र उक्त प्रश्नमा छलफल गर्न लगाई अनुभवहरु चार्ट पेपरमा लेख्न लगाउने ।
- समुहको नेतालाई दिईएको समयमा समुहको छलफल प्रस्तुति गर्न लगाउने ।
- बाँकी रहेका २ वटा समुहलाई त्यसमा अझै केही थप्न सकिन्छ कि भनेर सोध्ने ।
- बालबालिकाहरुको हेरचाहको अर्थ बालबालिकालाई माया दिन, संरक्षण दिन, सरसफाई गरिदिन, भोक मेटाउने, उनीहरुसंग समय बिताउने, कुराकानी गर्ने र उनीहरुलाई दिने साथै नै हो । यी कुराहरु आमाबुवा कै पालन पोषणबाट पाउने गरिन्छ बताउदै पालन पोषण बालबालिकाको आवश्यकता र यसो गर्नु नै आमाबुवाको कर्तव्य भएका मुख्य सन्देश सहित प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ हरेक बालबालिका आफ्ना आमाबुवाबाट माया, ममतापूर्ण हेरचाह र पालन पोषण चाहन्छन् । आमाबुवाको बेवास्ताले बालबालिकाहरुलाई दुःखी बनाउँछ ।

✍ बालबालिकाहरुको हेरचाहको अर्थ बालबालिकालाई ममत्वपूर्ण हेरचाह गर्न, संरक्षण दिने, सरसफाई गरिदिने, भोक मेटाउने मात्र नभएर उनीहरुको लागि सबैभन्दा भरपर्दो व्यक्ति हुन् । आमाबुवाबाट टाढा हुँदा बालबालिका असुरक्षित महसुस गर्दछन् र आमा बुवालाई नदेख्दा डराउने गर्छन् ।

✍ आमाबुवाको उपस्थिति, मुस्कान, सुखदायक स्पर्श, प्रशंसा, अँगालो, औंला समात्ने, खुवाउने, सफा गर्ने, बोक्ने, डोर्‍याउने जस्ता क्रियाकलापले बालबालिकालाई माया गरेको, हेरचाह र सुरक्षा पाएको अनुभूति हुने गर्दछ । यस्ता कुराले बालबालिका निष्फिक्री हुर्कन्छन् ।

✍ यसले हेरचाहकर्तासंग स्वस्थ सामिप्यता विकास गर्दछ र बालबालिकाहरु आफूलाई आवश्यक मद्धत चाहिदा आफ्ना आमाबुवा, परिवारका सदस्यहरु आउनेछन् भनि विश्वस्त हुन गर्छन् र जीवनको नयाँ नयाँ सिकाई सिक्न अग्रसर हुन्छन् ।

## क्रियाकलाप १.३ : उचित पालन पोषणको लागि बाल हेरचाहका छाता

## विधि: समुहगत छलफल र बाल हेरचाहको छाता बनाउने

- बालबालिकाका आवश्यकता विभिन्न हुन्छन् । ती आवश्यकता पूर्ति गर्न सके छाताले पानीबाट सुरक्षा गरेजस्तै बालबालिकाको पालन पोषण पनि सुनिश्चित हुन्छ । यी आवश्यकताहरुलाई मुलतः तीन भागमा बाँड्न सकिन्छ ।

  १. भौतिक आवश्यकता

  २.जैवीक आवश्यकता

  ३.सामाजिक र भावनात्मक आवश्यकता भनि बताउने ।
- सहभागीहरुलाई पहिलेकै ३ समूहमा बस्न लगाउने । छाताको तीन भागमा,

  १ भौतिक हेरचाह,

  २ जैवीक हेरचाह,

  ३ सामाजिक र भावनात्मक हेरचाह लेख्ने ।
- एक समुहलाई एउटा हेरचाह र यसको आवश्यकता छलफल गरि मेटा कार्डमा लेखि प्रस्तुत गर्न लगाउने ।
- सहभागीहरुबाट आएका कुरालाई समेट्दै अन्य सहभागीहरुलाई केहि थप्न चाहे थप्न लागाउने र नपुगेका कुरा उदाहरण सहित थपिदिने
- मेटा कार्ड, सम्बन्धित हेरचाहमा टाँस्दै जाने र बाल पालन पोषणको छाता पुरा गर्ने ।
- मुख्य सन्देश सहित बालबालिकाका आवश्यकता विविध हुन्छन् । यी कुराहरु पुऱ्याईदिदा बालबालिका हेरचाह पाएको महशुस गर्ने र जीवनको नयाँ नयाँ सिकाई सिक्न अग्रसर हुने बताउँदै, परिवारबाट अल्गिएर अरु ठाँउमा हुँर्कदा, व्यक्तिगत हेरचाहको अभावमा विविध आवश्यकता पूर्ति नहुने र उचित पालन पोषण अभाव हुने भनि प्रष्ट पार्ने ।

## मुख्य सन्देश




- ✍ बालबालिकाका आवश्यकता विविध हुन्छन् ।
- ✍ भौतिक आवश्यकता बस्ने, खेल्ने, श्वास फेर्ने हावा, पानी पाईने ठाँउ आदि जस्ता संरचनासंग सम्बन्धित आवश्यकता हो । यो आवश्यकताले बालबालिकालाई कठोर हावापानीबाट बचाव मात्र नभएर अन्य शारीरिक र मानसिक विकासको आवश्यकता पूर्ति गर्छ ।
- ✍ जैवीक आवश्यकता शरीर र मस्तिष्क विकास सँग सम्बन्धितु हुन्छ । भोक लाग्नु, शौच लाग्नु, उचित स्वास्थ हेरचाह, सकारात्मक वातावरण, उचित पोषण, पूर्ण निन्द्रा, खेल, चोटपटकबाट बचाऊ जस्ता कुरा बालबालिकाको प्राथमिक जैवीक आवश्यकता हेरचाह भित्र पर्दछ ।
- ✍ सामाजिक र भावनात्मक आवश्यकता सकारात्मक भावनाहरु, परिवार र सामाजिक सम्बन्धहरुको आन्नद लिनुसंग सम्बन्धित हुन्छ । खुशीको अनुभूति, सुरक्षित र संरक्षित महशुस, प्रशंसा, माया र ध्यान पाउनु आदि यसका उदाहरण हुन् ।
- ✍ आमाबुवा भनेको छोराछोरीको लागि हेरचाहको छाता जस्तै हुन् ।

# सत्र ३
# बाल बिछोड र बालबालिकामा यसका दुष्परिणाम

**समयः** १ घन्टा ४५ मिनेट

**विधिः** घटना अध्ययन, समुहगत छलफल, व्याख्यान, चिन्तन



**तालिम सामग्रीः** चार्ट पेपर, मेटा कार्ड, पावोर पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा तयार पारिएको सामाग्री, मार्कर,चार फोटो चित्र, घटना अध्ययन

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals



**सत्रको उदेश्य : सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन् ।**

- बाल बिछोड भनेको के हो र बालबालिकाको जीवनमा यसले कस्तो अर्थ राख्दछ बताउन,
- बालबालिकाको संस्थागतीकरण बुझ्न,
- आमाबुवाबाट बिछोड हुँदा बालबालिकाहरुलाई पर्ने हानी र जोखिमको विविध पक्ष बुझ्न ।

यस सत्रले सहभागीहरुलाई आमाबुवाबाट बाल बिछोड र यसका परिणाम बारेमा जानकारी गराउँदछ । बाल बिछोडले बालबालिकाहरुमा पार्ने दिर्घकालीन प्रभावहरुबारे अन्तरदृष्टि विकास गर्दै बालबालिकाका जीवनमा पर्ने दुष्परिणामहरुको बारेमा सचेत हुन मद्दत गर्दछ ।

## क्रियाकलाप ३.१ : बाल बिछोड र बाल बिछोड हुंदा पर्ने आघात


**विधि : छलफल र व्याखान**

- निम्न चार फोटोचित्र लिने (सन्दर्भ सामाग्री एनेक्स ३.१)
  १. बाल हेरचाह गृहमा बसेको बालबालिका,
  २. बोडिङ्ग स्कुलको भोजन कक्षमा खाना खाइरहेको बालबालिका,
  ३. ईट्टा भट्टामा ईट्टा बोकिरहेको बालबालिका,



४. सडकमा फोहर टिप्दै हिड्ने बालबालिका ।

- सहभागीहरुलाई फोटोहरु देखाउने र उनीहरुको विचारमा यी बालबालिकाहरु कहाँ छन् जस्तो लाग्छ सोध्ने । 'के ती बालबालिकाहरु आफ्नो आमाबुवासंगै छन् त ?' सोध्ने
- त्यसपछि ती फोटोहरुको बारेमा संक्षिप्त व्याख्या गर्ने कि ती बालबालिकाहरु आफ्ना आमाबुवा संग छैनन्, महिनौसम्म आमाबुवालाई भेट्दैनन्, स्वरुप फरक भएपनि उनीहरु सबै घर परिवारबाट टाढा छन् र आमाबुवाको हेरचाहबाट अलग्गिएका छन् ।
- के ती बालबालिकाहरु खुशी छन् त ? सहभागीहरुलाई सोध्ने र उनीहरुको विचार सुन्ने । के उनीहरुको आमाबुवाले आफ्ना छोराछोरीका लागि सहि निर्णय गरेका हुन् ? सोध्ने । कारण सोध्ने ।
- सहभागीबाट आएका कुराहरुलाई समेट्दै बाल बिछोडलाई स्रोत सामाग्रीको माध्यमबाट प्रष्ट पार्ने ।




### बुँदा ३.१.१ बाल बिछोडको परिभाषा

- संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिकाले आमा बुवाको हेरचाहबाट वञ्चित भएका बालबालिकाहरु भन्नाले कुनै पनि बालबालिका जुनसुकै कारण वा अवस्थाले गर्दा होसु, आमा वा बुवा मध्ये एक जना पनि साथमा नभएर अलग्गै बसिरहेका बालबालिकाहरुलाई जनाएको छ । बाल बिछोडको विभिन्न आयामहरु छन्; आवासीय हेरचाह केन्द्रको नाममा, अनाथाश्रम, बाल श्रमिकको रुपमा अर्काको घरमा, उद्योग कलकारखाना वा अरु कुनै क्षेत्रमा काम गरिरहेका, अध्ययनका लागि आफन्त नातेदार पारिवारिक साथीसँग वा एक्लै बस्ने, असुरक्षित वा बेवारिसे अवस्थामा बस्ने, सडक बालबालिकाहरु र बाल सुधार गृह सहित बाल हिरासतमा बस्ने बालबालिकाहरु यस अन्तर्गत पर्दछन् भन्ने प्रष्ट पार्ने । बाल बिछोडलाई बुझ्न यस संग सम्बन्धित पक्षहरु बुझ्नु पर्ने हुन्छ भन्दै पावर प्वाईन्ट स्लाईड वा न्यूज प्रिन्ट पेपरमा लेखिएको बाल बिछोडको तीन तत्वहरु देखाउने ।

### बुँदा ३.१.२ बाल बिछोडका तीन तत्वहरु



- बाल बिछोडको तीन तत्वहरुले बाल बिछोड भएको अवस्थाको बारेमा वताउँछ । ती तीन तत्व वा कुनै एक मात्रले पनि बाल बिछोड भएको जनाउँदछ । यी तीन तत्वहरु,

  क) बालबालिकाको स्वस्थकर बालविकासको अवसर गुमेको अवस्था,

  ख) बाल संस्थागतीकरण,

  ग) बन्धकपूर्ण नियन्त्रित बालजीवन, व्याख्या गर्ने ।

- सहभागीहरुले सत्र २ मा नै छलफल गरेका आमाबुवा वा परिवारबाट टाढा भएको, हेरचाह नपाएको कुरालाई पुनः सम्झन लगाउने । अभिभावक बाहेक अन्य अपरिचित व्यक्तिहरुसंग बस्दा बालबालिकाहरु डराउने, दुःखी हुने र चिन्तित हुने पूनः उदाहरण दिदै प्रष्ट पार्ने ।

- सहभागीहरुलाई बाल बिछोडमा परेका बालबालिकाहरु देखेका वा भोगेको भए ती बालबालिकाको वा आफ्नो भावनाहरु कस्तो थियो सोध्ने ।

१. नराम्रो भए कस्तो भनि अनुभव सुनाउन लगाउने,

२. त्यो समस्या वा नरमाइलो चाडै अन्त्य होस् भन्ने सोध्ने ।

***नोटः अनुभव सुनाउदा सहभागीहरु भावुक पनि हुन सक्छन् । यो कुरालाई सहजकर्ताले विचार पुऱ्याउनु पर्छ ।***

- सहभागीहरुलाई सुन्दै बाल बिछोडलाई बालबालिकाको जीवनक [illegible] व्याख्या गर्ने । बाल बिछोडको अवस्थाले बालबालिकालाई तनावमा राख्दछ जुन लामो समयसम्म रहि रहँदा विषाक्त तनावको रुपमा परिणत हुन्छ । यो अवस्था बाल बिछोडको आघातको अवस्थामा हो । यस्तो बेलामा बालबालिकाले आफ्नो भावना खुलेर व्यक्त गर्न सक्दैनन् र अनेपेक्षित अवस्था समाना गर्न सक्ने संयन्त्र विकास गर्न सक्दैनन् । यो बालबालिकाको हुर्कदो अवस्था र विकासका लागि बाधक हुन्छ भन्ने कुरा व्याख्या गर्ने ।

***एक्लोपन, डर, धम्कि जस्ता गम्भीर र असामान्य अवस्थामा निरन्तर परिरहदा बालबालिकाले महशुश गर्दछन् । मायालु हेरचाहको अभावमा बाल मस्तिष्क र शरीर यस तनाव व्यवस्थापन गर्न सक्षम नहुने तर धेरै पटक वा धेरै लामो समयसम्म यस मानसिक दवाब प्रति बचावका आफ्ना प्रतिक्रियामा सक्रिय हुने हुँदा बालबालिकाको लागि यो एक कठिन र हानीकारक अवस्था हो ।***

- मुख्य सन्देश सहित बाल बिछोड बालबालिकाको जीवनको दर्दनाक आघातपूर्ण घटना, हिंसा, दुर्व्यवहार, वेवास्ता जस्ता जोखिमपूर्ण जीवन र यसले बालबालिकाको लालनपालनमा निम्त्याउने परिवर्तन र परिणाम बालबालिकाको लागि नकारात्मक हुने तथ्य प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ जुनसुकै कारणले, कुनैपनि परिस्थितिमा यदि बालबालिका आफ्ना आमाबुवामध्ये एकजनासँग पनि बस्दैनन् र अन्य कसैबाट हेरचाह प्राप्त गरिरहेका छन् भने त्यस्तो अवस्थालाई बाल बिछोडको रुपमा परिभाषित गरिएको छ ।

✍ बाल बिछोडले तीनवटा महत्वपूर्ण परिणामहरु निम्त्याउँदछ जुन बालबालिकाले पटक पटक भोग्दछन् ।

१. जब बालबालिका परिवारबाट टाढा बस्छन्, उनीहरुले व्यक्तिगत हेरचाह सुसार, अभिभावकीय मार्गदर्शन, सुरक्षित सामीप्यता विकास गर्ने, भावनात्मक संवेग नियमन गर्ने अवसर विकास गर्न कठिनाई भोग्दछन् । यसै गरि परिवार र समुदायसँग हुर्कि स्वस्थ सामाजिक विकास गर्ने अवसर पनि गुमाउंदछन् ।

२. जब बालबालिकाहरु सामूहिक हेरचाहमा बस्दछन् उनीहरु शासकीय पद्धतिमा हुर्किन बाध्य हुन्छन् । समुदाय र बाहिरी संसारबाट अलग्गिएर केवल संस्थागत संस्कृतिमा मात्र हुर्कन्छन् । धेरैजसो यस्ता संस्थाको ध्यान बालबालिकाको विकासको आवश्यकतामा केन्द्रित नभई प्राय संस्थाको हितमा मात्र केन्द्रित हुन्छ ।

३. जहाँ बालबालिकालाई अत्याधिक मात्रामा काम गर्न लगाईन्छ, आवतजावतको स्वतन्त्रता सिमित हुन्छ, दुर्व्यवहारको जोखिम उच्च हुन्छ, फलस्वरुप शोषण र बेचविखनमा पर्न सक्ने संम्भावना अत्याधिक हुने गर्छ ।

✍ आमाबुवाहरुबाट अलग हुनु बालबालिकाको जीवनको दर्दनाक दुखदायी घटना हुनसक्छ । व्यक्तिगत हेरचाहको अभावमा बालबालिका अनपेक्षित मनोवैज्ञानिक, भावनात्मक आवेगसँग लडिरहेका हुन्छन् । यसले बालबालिकाको विकासमा हानी पुऱ्याउनुको साथै सिकाई क्षमता कमजोर गराउदै खोजमूलक व्यवहारलाई तहसनहस बनाउँछ ।

✍ अध्ययनले बाल बिछोड र बालबालिकाहरूको भावनात्मक शैली, वयस्क विकास र जीवनभरिको व्यक्तिको


आचरण बीच गहिरो सम्बन्ध हुने देखाउँछ। यसले बालबालिकाहरूको व्यक्तित्व विकासमा गहिरो र महत्वपुर्ण काम गर्छ।

✍ जब बालबालिकाहरू अपरिचित व्यक्तिहरुसँग, आफन्त नातेदारसँग, सडकमा वा शहरहरुमा अस्तव्यस्त ढंगले बस्दछन्, सामान्यतया उनीहरूको खानपान र जीवनस्तर राम्रो भएको पाईंदैन। यस्तो बेलामा बालबालिकाहरू दुर्व्यवहार, अत्याचार (हिंसात्मक सजाय), शारीरिक, यौनिक, मानसिक/भावनात्मक हिंसाहरुको जोखिममा पर्दछन र यस्ता घटनाहरू उल्लेख्य वृद्धि भैरहेको पाईन्छ।

✍ हिंसा र अन्य विपत्तिहरु/दर्दनाक अवस्थाहरु भोगेका बालबालिकाहरुले पछि गएर विद्यालय बीचमै छोड्ने, जागिर पाउन र जागिरमा टिकिरहन कठिनाईपर्ने, हिंसामा पर्ने या अपराधी बन्ने सम्भावना उच्च हुन्छ जसले गर्दा अन्य जोखिम जस्तै व्यक्तिगत हानी-नोक्सानी र परिवारलाई दीर्घकालीन असर पर्नेजस्ता अवस्थाहरु आइपर्छन्।

✍ बिछोडले गर्दा बालबालिकाहरूमा पर्ने हानी-नोक्सानीको मात्रा ज्यादै धेरै छ। यसले गर्दा बालबालिकाको सर्वाङ्गीण विकासमा र बालबालिका एक विकासशील मानव जीवनको अस्तित्व हो भन्ने कुरालाई नै नकारेको हुन्छ।

## क्रियाकलाप ३.२ : बालगृह जस्तो संस्थागत हेरचाह र बालबालिकामा हुने हानी



### विधि: छलफल र व्याखान

- अगाडिको सत्रमा भनेजस्तै बालगृह जस्तो संस्थागत हेरचाहमा थप बालबालिकाहरुलाई के कस्ता थप हानीहरु हुन सक्छन् भनी सहभागीहरु संग छलफल गर्ने।
- छलफल पश्चात विगत ८० बर्ष देखिको अध्ययनहरुले बालगृह जस्तो संस्थागत हेरचाह बालबालिकाको लागि हानीकारक हुने देखाएको बताउने
- तयार पारिएको पावर प्वाईन्ट स्लाईडहरु वा न्यूज प्रिन्टमा लेखिएका बुँदा क्रमशः सहभागितामुलक तरिकाबाट छलफल सहित व्याख्या गर्ने र सहभागीको कुरा पनि लिंदै साझा बुझाई बनाउने।

**बुँदा ३.२.१ बाल बिछोड जीवनको निकै पीडादायी/दर्दनाक घटना**






- विगत ८० वर्ष लामो बाल बिछोड सम्बन्धी विश्वव्यापी अध्ययनले बालबालिका परिवारबाट बिछोड हुनु उनीहरुको जीवनको निकै पीडादायी/दर्दनाक घटना हुन सक्ने देखाउँछ । वालबिछोडका विविध पक्षहरुले बाल बिछोडले बालबालिकाहरुको विकासमा दुष्परिणाम पार्ने देखाउँछ । बालबालिकाहरूले मायालु र स्याहार पूर्ण वातावरणमा हुर्कने अवसरहरु गुमाउने मात्र नभई कतिपय हिंसात्मक घटना र वातावरणको समेत सामना गर्नुपरेको हुन्छ । यस्तो अवस्थामा बालबालिकाहरूको अधिकार हनन् र सम्झौतापूर्ण बालविकास दुई प्रमुख पक्षको रुपमा बालबालिकाहरूको सर्वोत्तम हितको अवरोधक भएको प्रष्ट पार्ने ।

**बुँदा ३.२.२ मनोविज्ञान र बाल विकासमा पर्ने असर**

- हानी नोक्सानीका प्रमाणहरुलाई विभिन्न मनोविज्ञान र बाल विकासका सिद्धान्त तथा प्रयोगहरुले व्याख्या गरेका छन् । धेरै अनुसन्धानले बाल बिछोडको कारणले बालबालिकाहरुको प्रारम्भिक जीवन अनुभव र सुरक्षित जग निर्माणमा प्रश्न खडा गर्ने, सुरक्षित सामिप्यता विकासको अभावमा जीवन भर कमजोर भावनात्मक अवस्था सामना गर्ने, अल्पकालीन, दीर्घकालीन र प्राणघातक हानी-नोक्सानी भोग्नु पर्ने पुष्टि गरेको व्याख्या गर्ने ।




**बुँदा ३.२.३ शिशुकालको भोगाई र मस्तिष्क विकासमा पर्ने असर**

- शिशुकालको पहिलो केही महिनाको भोगाईले नै बालविकासको दिशा निर्धारण गर्ने गर्छ । श्रोत सामग्री मार्फत न्युरोलोजिकल (स्नायुसम्बन्धी) अध्ययनले संस्थागत स्याहारमा र परिवारमा हुर्केका बालबालिकाको मस्तिष्क विकासमा पारेको असर व्याख्या गर्ने । ३ महिना संस्थागत स्याहारमा राखिँदा अरु सामान्य अवस्थामा भन्दा बालविकास एक महिना ढिलो विकास हुने देखिएको बताउने । वैज्ञानिक अध्ययनले बाल्यवस्थाको परिवार तथा हेरचाहकर्ताहरु संगको माया ममता र सामिप्यताले बालबालिकाहरूको वयस्क अवस्थाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखाएको प्रष्ट पार्ने । श्रोत सामग्री मार्फत बाल बिछोडका दुष्परिणाम प्रमाण सहित छलफल गर्दै व्याख्या गर्ने ।




**बुँदा ३.२.४, ३.२.५, ३.२.६, ३.२.७ बाल बिछोडको हानी-नोक्सानीका प्रमाणहरू**












- न्युजप्रिन्ट वा पावर प्वाइन्ट स्लाइडमा तयार गरिएको सामग्री देखाउँदै बालबालिकालाई हुने हानीको विविध पक्षबारे छलफल गर्नै सहभागीहरुलाई विषयको गाम्भीर्यता प्रति सजग गराउने ।

## क्रियाकलाप ३.२.क : घटना अध्ययन

- सहभागीहरुलाई ३ वटा समुहमा विभाजन गर्ने र अनाथालयबाट बालबालिका उद्धार (सन्दर्भ सामाग्री एनेक्स ३.२.) घटना अध्ययन वितरण गर्ने । तीनै वटा समुहहरुलाई घटना अध्ययन गर्न र निम्न प्रश्नहरुमा आधारित भएर छलफल गर्न लगाउने ।

  १. के गैरसरकारी संस्थाका उद्धार टोलीका व्यक्तिहरुले सहि निर्णय लिए ?

  २. सही हो भने किन, हैन भने किन ?

- प्रश्नको जवाफ समुहको नेतालाई सबैले सुन्ने गरि प्रस्तुत गर्न लगाउने ।
- सहभागीहरुलाई बालबालिकाको सुरक्षा र शिक्षामा कुन पहिलो प्राथमिकतामा आउँछ चिन्तन गर्न लगाउने र विचार सुन्ने ।
- बिग्रेको पढाई पुनः बनाउन सकिन्छ तर जीवनमा हुने हानी र बिगार सच्याउन धेरै गाह्रो र कतिपय समयमा असम्भव हुने प्रष्ट पार्ने ।
- मुख्य सन्देश सहित धेरैले साचे जस्तो बालबालिका कै लागि भनेर खोलिएको बालगृह जस्ता संस्थागत हेरचाह बालबालिकाको हितकर नहुने, बरु बालबालिका कै पूर्ण विकास र सुरक्षाका लागि हानीकारक हुने पुनः दोहोराउँदै सत्र समापन गर्ने ।

## मुख्य सन्देश

✍ संस्थागतीकरण, संस्थाभित्र भएको संस्कारसँग अन्तर सम्बन्धित हुन्छ, जहाँ बालबालिकाहरुलाई आदेशात्मक तरिकाले नियन्त्रित गरी राखिएको हुन्छ । उनीहरुलाई परिवारबाट टाढा मात्र नभएर, समुदाय र बाहिरी संसारबाट अलग्याएर राखिएको हुन्छ । संस्थाले बालबालिकाहरूको व्यक्तिगत ईच्छा र चाहनालाई भन्दा पनि संस्थाको स्वार्थलाई बढि ध्यान दिएका हन्छन् ।

✍ बालगृहहरुमा बालबालिका हेला र हिंसा तथा दुर्व्यवहारमा पर्ने संम्भावना बढि हुन्छ ।

✍ जब बालबालिकाहरु आमाबुवाबाठ बिछोडिएर संस्थाहरुमा बस्दछन्, तब उनीहरु बालविकासको हेरचाहसँग सम्बन्धित पक्षहरुबाट वञ्चित हुन्छन् । जसले गर्दा बालबालिकाहरूको ढिलो विकास हुने कुरा पत्ता लागेको छ । अध्ययनले तीन महिनाको संस्थागतीकरणबाट बालबालिकाहरूको विकासमा एक महिना ढिलो हुने देखाउँछ ।

# सत्र ४
# परिवार र आमाबुवाबाट हेरचाह बाल अधिकार

समय : १ घन्टा ४५ मिनेट

विधि : समुहगत छलफल, समुह कार्य, व्याख्यान , चिन्तन

तालिम सामग्री : चार्ट पेपर, मेटा कार्ड, पावोर पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा तयार पारिएको सामाग्री, मार्कर

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals




## सत्रको उदेश्यहरू :यस सत्रको अन्तमा सहभागीहरू निम्न विषयमा सक्षम हुनेछन् ।

- बालबालिकालाई मानव अधिकार धारकको रुपमा बुझ्दै आमाबुवाबाट पालन पोषण पाउनु बालबालिकाको अधिकार हो भन्ने कुरामा प्रष्ट हुन,
- बालबालिकाहरुले आमाबुवाबाट हेरचाह र परिवारसँगै बस्न पाउने अधिकारको विषयका विश्वव्यापी र स्थानीय संवाहकहरुको बारेमा आफ्नो ज्ञान बढाउन,
- बालबालिकाको सर्वोत्तम हितलाई बालबालिकाको पालन पोषणको दृष्टीकोणबाट बुझ्दै अन्य बाल अधिकारहरुको जगको रुपमा प्रष्ट हुन ।

यस सत्रले बालबालिकाहरु मानव अधिकार धारकको रुपमा परिचय गराउँछ । मानव अधिकारका दृष्टिकोणबाट र कानुन सम्मत आमाबुवाबाट हेरचाह र पालन पोषण पाउने अधिकार भएको बिषयगत ज्ञान प्रदान गर्नेछ । आमाबुवाबाट हेरचाह बाल अधिकारको राष्ट्रिय र अन्तराष्ट्रिय संवाहकहरुमा जानकारी प्रदान गर्दछ । यसले बालबालिकाको सर्वोतम हित र संयुक्त राष्ट्र संघीय वैकल्पिक हेरचाह दिशानिर्देश सम्बन्धी पनि ज्ञान दिनेछ ।

## क्रियाकलाप ४.१: आमाबुवाबाट हेरचाह बाल अधिकारको विश्वव्यापी र स्थानीय संवाहकहरू

### विधि: छलफल र व्याख्यान




- तयार पारिएको पावर प्वाईन्ट स्लाईडहरु वा न्यूज प्रिन्टमा लेखिएका बुँदा क्रमशः सहभागितामुलक तरिकाबाट छलफल सहित व्याख्या गर्न र सहभागीको कुरा पनि लिंदै साभ्Mा बुझाई बनाउने ।

**बुँदा ४.१.१ आमाबुवाबाट हेरचाह बाल अधिकारको अर्थ**

- बालबालिकाले आमाबुवाबाट हेरचाह पाउनु हरेक बालबालिकाको अधिकार हो र उक्त हेरचाह प्रदान गर्नु आमाबुवाको जिम्मेवारी हो । बालबालिकालको सर्वोत्तम हित विपरितको अवस्थामा बाहेक बालबालिकाको आफ्नो आमाबुवा सहित पारिवारीक वातावरणमा हुर्कन पाउने अधिकार रहेको कुरा छलफल गर्दै व्याख्या गर्ने ।

***बालबालिकाको सर्वोत्तम हित भन्नाले त्यस्तो ममत्वपूर्ण हेरचाह र पालन पोषण जसले बालबालिकाको उच्चतम हितलाई प्राथमिकतामा राख्दै बालबालिकाको व्यक्तिगत आवश्यकता परिपूर्ति गर्नुको साथै बालबालिकाहरुको विकाशशील अवस्थालाई मध्यनजर गर्दै, उनीहरुको इच्छाको सम्मान र सहि मार्गदर्शन गर्दछ।***

**बुँदा ४.१.२: आमाबुवाबाट हेरचाह बाल अधिकारका मुख्य पथप्रदर्शकहरु (अन्तराष्ट्रिय)**

- आमाबुवाबाट हेरचाह पाउनु पर्ने बालबालिकाको अधिकारको बारेमा सन् १९९२ डिसेम्बर १६ तारिखककाे संयुक्त राष्ट्रसंघिय बाल अधिकार महासन्धिलाई मूख्य मार्गदर्शकको रुपमा लिईएको छ जुन सन् १९९२, १५ जनवरीबाट १९६ देशहरुले अनुमोदन गरि संयुक्त राट्रसंघ महासभा मार्फत् प्रयोगमा रहेको छलफल गर्दै व्याख्या गर्ने ।

**बुँदा ४.१.२.क : संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि**

- बालबालिकाहरुको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिले परिवारलाई समाजको अत्यावश्यक समूहको रुपमा मान्यता दिएको छ जसमा सबै सदस्यहरु विशेषत बालबालिकाहरुको विकास र भलाईको प्राकृतिक वातावरण हुने उल्लेख छ । बाल अधिकार महासन्धिका सातवटा दफा (३, ५, ९, १०, १८) ले बालबालिकाहरुले पाउने आमाबुवाको हेरचाहको अधिकार बारेमा प्रष्ट उल्लेख गरिएको व्याख्या गर्ने ।





**बुँदा ४.१.२.ख : बालबालिकाको बैकल्पिक हेरचाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका विकास**



- बालबालिकाहरुको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय महासन्धिले बालबालिकाहरुले आमाबुवाको हेरचाह पाउनु पर्ने अधिकार घोषणा गरेता पनि स्रोत साधनको अभाव वा भौतिक गरिबीले गर्दा धेरै देशहरुमा संयोगवस् वा रहरले बालबालिकाहरु आमाबुवाको हेरचाहबाट वञ्चित हुने घटनाहरु भईरहेका छन् । त्यस्ता बालबालिकाहरुलाई हेरचाहका लागि दिईएको सेवा सुविधाहरुमा बालबालिकाको सर्वोत्तम हित अनुरुप संरक्षण प्राथमिकता नदिई जोखिमलाई बढावा दिईरहेको पाईएको छ । यहि कारणले गर्दा नै संयुक्त राष्ट्रसंघले वैकल्पिक हेरचाह निर्देशिका विकास गरेको छ जसले बालबालिकाहरुले पाउने आमाबुवाको हेरचाह र बालबालिकाको लागि पारिवारीक वातावरणलाई परिभाषित गदै वैकल्पिक हेरचाहको उद्देश्य, निर्णय र व्यवस्थापनका लागि मार्गनिर्देशन गरेको कुरा यसको विकासक्रम सहित व्याख्या गर्ने ।

**बुँदा ४.१.२.ख.१ : संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका**

- यो निर्देशिका आमाबुवाको हेरचाहबाट वञ्चित भएका र वञ्चित हुने जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको विशेष संरक्षण र सर्वोत्तम हितका लागि सम्बन्धित राष्ट्रको नीति निर्माण तथा अभ्यासलाई लक्षित गरि तयार गरिएको यसको ढाँचा र उदेश्यमा लेखिए अनुसार व्याख्या गर्ने ।



**बुँदा ४.१.२.ख.२ : संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका योजना**


- यो निर्देशिका बालबालिकाहरुलाई परिवारमै रहन सहयोग गर्न, पारिवारिक हेरचाह गुमाएकालाई परिवारमै फर्काउने प्रयासलाई टेवा पुऱ्याउका लागि तयार गरिएको हो । यदि त्यसो गर्न सकिएन भने राष्ट्रको परिवेश सुहाँउदो परिवारमा आधारित वैकल्पिक हेरचाहको लागि उपयुक्त र दीर्घकालीन समाधान निकाल्नका लागि मार्गनिर्देशन गर्छ भन्ने व्याख्या गर्ने ।





**बुँदा ४.१.२.ग : संयुक्त राष्ट्रसंघीय महासभा २०१९ संकल्प**

- सन् २०१९ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघीय महासभाको तेस्रो समितिले बालबालिकाहरुले परिवारमा रहन पाउने र पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकारलाई विशेष महत्व दिदै आमाबुवाको हेरचाहबाट वञ्चित भएका बालबालिकालाई उचित वैकल्पिक हेरचाहको व्यवस्था गरि हरेक बालबालिकाहरुले आमाबुवाबाट ममत्वपूर्ण हेरचाह पाउने वातावरणको अभावको समस्यालाई सम्बोधन गर्ने प्रतिवद्धता जनाउँदै संकल्प पारित गरेको छ । नेपालले पनि उक्त संकल्पलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउँदै सन् २०२० मा हस्ताक्षर गरेको बताउने । यस संकल्पले वैकल्पिक हेरचाहमा रहेका बालबालिकाहरुको अधिकारलाई संरक्षण कार्यान्वयन गर्ने प्रतिबद्धता पनि गरेको बताउने ।

**बुँदा ४.१.३.:आमाबुवाबाट हेरचाह बाल अधिकारका मुख्य पथप्रदर्शक** (राष्ट्रिय)






- आमाबुवाबाट हेरचाह पाउने बालबालिकाहरुको अधिकारलाई सुनिश्चितता नेपालको बालबालिका सम्बन्धी ऐन २०७५ ले पनि गरेको छ । उक्त ऐन अनुसार आमाबुवा नै यस अधिकार सम्वन्धी मूख्य कर्तव्य पालक हुन् । साथै यस ऐनले परिवारका अन्य सदस्यहरुलाई पनि हेरचाह गर्ने सदस्यको रुपमा उत्तिकै महत्व दिएको छ । यो कर्तव्य पालना गर्दा आमाबुवाले बालबालिकाहरुको व्यक्तित्व विकासका लागि मायालु र हेरचाहपूर्ण परिवारिक वातावरण सिर्जना तथा शिक्षाको अवसर प्रदान गर्दै सुन्दर भविष्य निर्माणको लागि भूमिका खेल्नु पर्ने हुन्छ । राज्यले पनि परिवारले उनीहरुको बालबालिकाको हेरचाह गर्ने कर्तव्य पालना गर्नका लागि साथ र सहयोग गर्नुपर्ने छलफल गर्दै व्याख्या गर्ने ।

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals

## मुख्य सन्देश

- ✍ अमेरिका बाहेक अन्य सबै संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले बालबालिकाहरुले पाउनु पर्ने आमाबुवाबाट हेरचाह सम्बन्धी अधिकारलाई मान्यता दिई, हस्ताक्षर गरी लागु गर्न प्रतिबद्धता व्यक्त गरेको छन् । बालबालिकाहरुको यस अधिकारका लागि संयक्त राष्ट्रसंघीय सम्मेलनले मुख्य पथ प्रदर्शकको रुपमा काम गरेको छ र हस्ताक्षर गरेका सबै राष्ट्रहरुको आवश्यक नीति निर्माण गर्न, बालबालिकाहरुको आमाबुवाबाट हेरचाह पाउने तथा परिवारमा रहन पाउने अधिकारलाई संरक्षण र प्रवर्धन गर्न उचित मार्ग निर्देशन गर्दछ ।
- ✍ बालबालिकाहरुको परिवारबाट बिछोड तथा यसले बालबालिकाहरुमा पार्ने असरसंग सम्बन्धित कुराहरुलाई सम्बोधन गर्नका लागि संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका तयार भएको छ र सन् २०१० देखि अवलम्बन पनि गरिएको छ । यसले राष्ट्रहरुलाई अनावश्यक बाल बिछोडको रोकथाम सुनिश्चित गर्न, परिवारबाट अलग रहनु अत्यावश्यक नै हो भने उपयुक्त वैकल्पिक हेरचाहको व्यवस्था गर्न, बालबालिकाहरुलाई परिवार मै फर्कन र परिवारमा आधारित स्याहारमा पुर्नस्थापना गर्नका लागि मार्गनिर्देश गर्दछ ।
- ✍ पुनः सन् २०१९ डिसेम्वर १८ तारिकमा संयुक्त राष्ट्रसंघले आमाबुवाबाट हेरचाह बाल अधिकारबाट वञ्चित भएका बालबालिकाहरुको उचित हेरचाह अधिकारलाई विशेष प्राथमिकता दिँदै, आमाबुवाबाट हेरचाह अभाव पूर्ति गर्न, उचित वैकल्पिक हेरचाहको व्यवस्था, अपाङ्गता भएका र अन्य सबै बालबालिकाहरुले उचित पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकारलाई महत्व दिँदै ,आमाबुवाबाट हेरचाह पाउने कुरालाई प्रबर्द्धन गर्न अर्को एउटा संकल्प पत्र पारित गरेको छ । नेपालले पनि उक्त संकल्पत्रमा हस्ताक्षर गरेको छ ।
- ✍ नेपालको बालबालिका सम्बन्धी ऐन सन् २०१८ (बि.स.२०७५) मा बालबालिकाको आमाबुवाबाट पाउनु पर्ने हेरचाह सम्बन्धी अधिकारका सबै पक्षहरु, वैकल्पिक हेरचाहमा रहेका बालबालिकाहरुको विशेष संरक्षण र स्याहार सुसारका प्रावधानहरु समेटिएका छन् । यसले बालबालिकाहरुको संस्थागत हेरचाहको ब्यवस्था भनेको वैकल्पिक हेरचाहको केवल अन्तिम विकल्प हो भनेर किटान गरेको छ ।
- ✍ आमाबुवाबाट हेरचाहको बाल अधिकार, वैकल्पिक हेरचाह निर्देशिका, २०१९ संयुक्त राष्ट्र संघीय संकल्प प्रस्ताव, नेपालको बालबालिका सम्बन्धी ऐन सन् २०१८ (बि.स.२०७५), सबैले बालबालिकाको सर्वोत्तम हित विपरित हुने अवस्था बाहेक बालबालिका पारिवारिक वातावरणंमा नै हुर्कनपाउने सुनिश्चिता गरेको छ ।

## क्रियाकलाप ४.२: बालबालिकाको सर्वोत्तम हितको लागि पारिवारिक हेरचाह

### विधि : बालबालिकाको सर्वोत्तम हित रुखको चित्रण, चिन्तन र समुह कार्य



- सबै सहभागीहरुलाई आफुलाई बगैंचाको मालीको रुपमा कल्पना गर्न लगाउने ।
- "उक्त बगैँचामा, तपाईले फूलको एउटा नयाँ बिउ रोप्नु भयो । उक्त बिउ उम्रन र राम्रोसँग बढ्न र राम्रो फूल फुल्न के के गर्नुहुन्छ ? सोध्ने ।
- सहभागीहरुको विचार सुन्ने । हामीले चाहेको जस्तो राम्रो फुल फुल्ने हुन विरुवाको राम्रो स्याहार गर्नु पर्ने हुन्छ । बिरुवाको आवश्यकता अनुसारको माटो, पानी, मल हाल्ने, बिरुवाको वरिपरिको घाँसहरु निकाल्ने, बिरुवाले प्रयाप्त रुपमा घाम पाईराखेको छ छैन सुनिश्चित गर्ने, हुर्कनको लागि पाउनुपर्ने आवश्यकता सुनिश्चित गरे मात्र राम्रो फुल फुलाउन सफल हुने छलफल गर्ने ।

- सहभागीहरुलाई तीन समूहमा विभाजन गर्ने र बालबालिकाको जीवनको रुख बनाउन तयारी गर्न लगाउने । बाल हेरचाह छाता सत्रमा छलफल गरेको बिषय ध्यानमा राख्दै चरणहरु सहजीकरण गर्दै जाने ।

  १. चार्ट पेपरमा पहिले फिजिएको जराको चित्र कोर्ने । बिउबाट उम्रिएर हुर्कदै गरेको विरुवा जस्तै पालन पोषणको आवश्यकता (भौतिक, जैवीक, सामाजिक र भावनात्मक ) पुरा हुने स्याहार (माया, हेरचाह, सम्बन्ध, खाना, शिक्षा, सुरक्षा आदि) समुहमा छलफल गर्दै फिँजिएका जराका विभिन्न हाँगाहरुमा लेख्न लगाउने । आवश्यकता पूर्ति हुँदा बलियो जराले विरुवा हुर्कन बलियो जग बसाए जस्तै, बालिबालिकाको विकासको जग बलियो गर्ने बताउने ।

  २. त्यसपछि सहभागीहरुलाई उक्त रुखको कान्ड कोर्न लगाउने । आफ्नो आवश्यकता पूर्ति हुँदा बालिबालिकाले कस्तो महशुस गर्छन (सुरक्षित, स्वस्थ, साथ, मार्गदर्शन पाएको, प्रोत्साहित, सामाजिक आदि) छलफल गर्न लगाउने र रुखको काण्डमा लेख्न लगाउने ।

  ३. त्यसपछि रुखकाको हाँगा कोर्न लगाउने । काण्डमा लेखिएको कुरा महशुस गरेपछि, बालबालिका कस्ता हुन्छन् (आत्मविश्वासी, मिलनसार ,राम्रोसँग अध्ययन गर्ने, भाइबहिनीलाई माया गर्ने, नयाँ कुरा सिक्न प्रयास गर्ने आदि), छलफल गरि हांगाहरुमा लेख्न लगाउने ।

  ४. त्यसपछि रुखकाको हांगामा पातहरु कोर्न लगाउने । यस्ता व्यवहार र काम गर्ने बालबालिका वयस्क हुंदा कस्ता व्यक्ति बन्छन (सफल, आत्मविश्वासी, सानालाई माया गर्ने, असल आमाबुवा, समाजमा घुलमिल हुने, अरुका लागि प्रेरणा दिने आदि) पातमा लेख्न लगाउने ।

- चित्र पुरा भएपछि समुहको नेतालाई सहभागीहरु माझ रुखको चित्रण बारेमा बताउन लगाउने र लगेर भित्तामा टाँस्न लगाउने ।

- मुख्य संदेश सहित चित्रमा बनाएको जस्तै बालबालिकाको सर्वोत्तम हित भनेको बालबालिकाको जीवनमा सकारात्मक प्रभाव पार्ने क्रियाकलाप सहितको हुर्काई हो भन्ने प्रष्ट पार्ने । केही अपवाद बाहेक धेरैजसो आमाबुवा र परिवारसंग हुर्कनु बालबालिकाको सर्वोत्तम हितमा हुने कुरा पनि प्रष्ट पर्ने ।




## मुख्य सन्देश

✍ आमाबुवाबाट पालन पोषणको बाल अधिकारका विश्वव्यापी र स्थानीय संवाहकहरुले बालबालिकाका सर्वोत्तम हितको मूल्यांकन गर्दै अनावयश्यक बाल बिछोड रोकथाम, अत्यावश्यक बिछोडमा उपयूक्त वैकल्पिक हेरचाह व्यवस्थापन र परिवार तथा पारिवारिक स्याहारमा पूर्नमिलन गर्न निर्देशन दिएका छन् ।

✍ सर्वोत्तम हित भन्नाले बालबालिकाले पाउने माया, उचित स्याहार र सकारात्मक प्रभाव भन्ने बुझिन्छ । त्यसैले बालबालिका सम्बन्धी कुनै पनि निर्णय लिनुभन्दा पहिला बालबालिकाको हित बारे विचार गर्नुपर्दछ ।

✍ बालबालिकाका सर्वोत्तम हितको मूल्यांकन गर्न नसक्दा बालबालिका अनावश्यक रुपमा बिछोडमा पर्ने र आवश्यक अवस्थामा पनि उपयुक्त बैकल्पिक हेरचाह नपाउने जोखिममा पर्दछन् ।

# सत्र ५
# आमाबुवा र परिवारबाट हेरचाह बाल अधिकारका आवश्यकता र उपयूक्तताको सिद्धान्तहरु

समय : १ घन्टा ४५ मिनेट

विधि : समुहगत छलफल, समुह कार्य, व्याख्यान, चिन्तन

तालिम सामग्री : चार्ट पेपर, मेटा कार्ड, पावर पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा तयार पारिएको सामाग्री, मार्कर

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्क:* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals




## सत्रको उदेश्यहरु :यस सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन् ।

- अनावश्यक र आवश्यक बाल बिछोड बिचको भिन्नता बारे प्रष्ट हुन,
- आवश्यकताको सिद्धान्त बुझ्दै बालबालिकालाई परिवारबाट बिछोडका आवश्यकता, उपयुक्त वैकल्पिक हेरचाह तथा पारिवारिक पूर्नमिलनको आवश्यकता पहिचान गर्न ।

यो सत्रले अनावश्यक र आवश्यक बाल बिछोडको बारेमा जानकारी दिदै, पारिवारिक वातावरणमा हेरचाह बाल अधिकार सुनिश्चिताका लागि आवश्यकता र उपयुक्तताको सिद्दान्त बिषयमा ज्ञान दिन्छ । नेपालमा हुने बाल बिछोडका घटना, यसका कारणहरु र हाल विकास भैरहेको शैलीका बारेमा छलफल गर्दै, आवश्यक र अनावश्यक बिछोड निर्क्योल गर्न र आवश्यक अवस्थामा उपयुक्त वैकल्पिक हेरचाह कस्तो हुन्छ, बुझ्न मद्दत गर्ने छ ।

## क्रियाकलाप ५.१ : नेपालमा बालबालिका परिवार र आमा बुवाबाट बिछोडमा पर्ने कारण

### विधि: सहभागीमूलक छलफल र व्याख्यान

- सहभागीहरुलाई ३ वटा समुहमा विभाजन गर्ने र प्रत्येक समुहलाई १, १ वटा प्रश्न दिने । आफ्नो आफ्नो समुहमा छलफल गर्न लगाउने र छलफल पश्चात समुहको नेता मार्फत उक्त छलफलबाट आएको कुरालाई सबै माझ भन्न लगाउने ।
  १. नेपालमा बाल बिछोडको कारणहरु के के हो ?
  २. नेपालमा बाल बिछोडको स्वरुपहरु कस्ता छन्  ?
  ३. के बालबेचविखन (बालबालिका तस्करी) बाल बिछोडको एक कारण हो ? हो भने किन र कसरी ?
- सहभागीहरुबाट आएका बुँदाहरु टिपोट गर्दै जाने ,सहभागीहरुको भनाई एकिकृत गर्ने र श्रोत सामग्री स्लाईड वा न्यूज प्रिन्टमा तयार पारिएका सामाग्री देखाउने र बुँदागत रुपमा सहभागिमूलक तरिकाबाट व्याख्या गर्दै जाने ।

*बालबालिका तस्करी भन्नाले जबर जस्ती श्रम र शोषणको उद्देश्यले डर वा बलपूर्वक, ठगि, धोखा, शक्तिको दुरुपयोग, व्यक्तिको कमजोर अवस्थाको फाइदा उठाई लोभ लालसा देखाई वा आर्थिक लेनदेन गरि व्यक्तिमाथि नियन्त्रण गर्न भर्ति गर्ने, एक ठाँउबाट अर्को ठाँउ ओसार पसार गर्ने, स्थान्तरण गर्ने खरिद बित्र गर्ने कार्य ।*

### बुँदा ५.१.१ नेपालमा पारिवारिक बाल बिछोडका कारणहरु





- सन् २०१६ मा डा. क्रिसि गेल र चन्द्रिका खतिवडाले नेपालमा वैकल्पिक हेरचाह प्रबन्ध विषयको अध्ययनले बालबालिकाहरू पारिवारिक बिछोडमा पर्नुको मुख्य तीनवटा कारणहरु देखाएको तथ्य बताउने र अधिल्लो छलफलमा आएका विचार समेट्दै हालको अवस्था समिक्षा गर्ने । उक्त अध्ययनमा अपाङ्गता भएका बालबालिकाहरूको बारेमा उल्लेख गरेको नभएता पनि अपाङ्गता हुनुपनि नेपालमा बाल बिछोडको एउटा महत्वपूर्ण कारण भएको र यो कुरा खगेन्द्र नवजीवन केन्द्र, श्रवणशक्ति कमजोर भएका बालबालिकाहरु राख्नका लागि अलग्गै संस्था स्थापना गरिएको घटनाबाट पनि थाहा पाउन सकिने छलफल गर्दै प्रष्ट पार्ने ।




### बुँदा ५.१.२ बाल बिछोडको नयाँ शैली तथा कारणहरु

- बदलिँदो परिस्थितिसँगै बाल बिछोडका नयाँ नयाँ तरिका र कारणहरू सहभागीहरुबाट आएका बुँदाहरु सहित छलफल गर्दै पहिचान गर्ने ।

### बुँदा ५.१.३ बाल बिछोडका अपराधिक पाटाहरु र नेपालमा अनाथालय बाल तस्करी




- नेपालको सामाजिक अवस्था र राजनीतिक अस्थिरताले आफ्नो स्वार्थ पुरा गर्न बालबालिका परिवार र आमाबुवाबाट अलग्याई अनाथालयमा राखिने घटना व्यवसायको रुपमा फस्टाएको पाईन्छ । नेपालमा अन्तरदेशीय धर्म पुत्र पुत्री ग्रहणलाई रोक लगाए पछि तस्करहरुले आफ्नो कार्यशैलीलाई परिवर्तन गर्दै अनाथालय खोल्ने, दातृ निकायबाट पैसा लिने जुक्ति अपनाएको घटनाक्रम छलफल गर्ने ।
- अनाथालयमा बसिरहेका, अनाथ भनिएका बालबालिकाहरू मध्ये ८५ प्रतिशत बालबालिकाहरूको आमाबुवा मध्ये एक जीवित नै रहेको, धेरै बालबालिकाहरुलाई आफ्नो वास्तविकता र पहिचान लुकाउनका लागि बाध्य पारिएको, आफ्नो परिवार र समुदायको सम्पर्कबाट अलग गरिएको, दुर्व्यवहार र शोषण गरिने, दातृ निकाय वा दानकर्ताबाट सहयोग पाउनका नियतपूर्ण दयनीय अवस्थामा राखिने तथ्य छलफल गर्ने । यसले आधुनिक दासत्वलाई प्रतिनिधित्व गरेको र २०१७ को अमेरिकी टि आइ पी रिपोर्टले नेपालमा अनाथालय माध्यमबाट बालबालिकाहरूको बेचविखन हुने गरेको घटनालाई उजागर गरेको तथ्यमा सहभागीको ध्यान आकृष्ट गर्दै नेपालको छवि धमिलिएको बिषयमा चासो र चिन्ता अभिवृद्धि गर्ने ।

- अनाथालयलाई गरिने सहयोग वा दान अझै पनि जारी रहेको अवस्थामा बालबालिकाहरूको अधिकारका लागि काम गर्ने संघसंस्थाहरुले यो मुद्दालाई सम्बोधन गर्न बालबालिकाको पारिवारिक हेरचाहको अधिकार सुनिश्चित गनेतर्फ कुशलतापूर्वक पहल गर्नु अत्यावश्यक रहेको विषयमा सहभागी बिच सहमति निर्माण गर्ने छ ।

## मुख्य सन्देश

✍ अन्य विकासोन्मुख देशहरुमा जस्तै नेपालमा पनि बालबालिकाहरुको परिवारसँग बिछोड हुने कारणहरु गरिबी, निम्नस्तरको सामाजिक-आर्थिक अवस्था, आमाबुबाले निभाउनुपर्ने कर्तव्यको बारेमा ज्ञानको कमी हुने गरेका छन् । उच्च जीवनस्तर, शिक्षाको अवसर र सुन्दर भविष्यको परिकल्पनाले गर्दा बाल बिछोड बढिरहेको छ । नेपालको फितलो बाल संरक्षण अनुगमन प्रणालीले गर्दा नेपालमा पारिवारिक बिछोड भएको सन् २०१६ को एक अध्ययनले देखाएको छ ।

✍ समय सँगसँगै बालबालिका परिवारबाट अल्लगिने नयाँ नयाँ कारक तत्वहरू र तरिका/ शैलीहरू निस्किरहेका छन् र बाल बिछोडको घटनाका विभिन्न आयामहरु देखिन्छन् ।

✍ बालबालिकाहरूको परिवारसँग हुने बिछोड र बालबालिका तस्करीको एक आपसमा बलियो सम्बन्ध छ । अनाथ आश्रमको माध्यमबाट बालबालिकाहरुलाई उज्ज्वल भविष्य निर्माण गरिदिने प्रलोभनमा पारी देश भित्र र देश बाहिर तस्करी हुने देखिएको छ। तस्करीको प्रकृति अर्न्तदेशीय धर्मपुत्र पुत्रीको ग्रहण देखि लिएर दाताहरुलाई अनाथ आश्रममा दान गर्न राजी गराउने सम्म छ यसको सञ्जाल घरेलु श्रमिकको रुपमा देशभित्रै, मनोरञ्जनको क्षेत्रमा प्रयोग हुने बालबालिका र सीमापारी हुने तस्करीसम्म विस्तारित छ ।

## क्रियाकलाप ५.२ : अनावश्यक बाल बिछोड र बाल बिछोडमा आवश्यकताको सिद्धान्त

### विधि : घटना अध्ययन, समुह कार्य

- पहिला बनेको तीन वटा समुहलाई नै पुनः आफ्नो समुहमा बस्न लगाउने ।
- प्रत्येक समुहलाई कविता, राम र कृष्ण, सरिता ,१/१ वटा घटना अध्ययन बाड्ने र निम्न प्रश्नमा छलफल गरी प्रस्तुति गर्न लगाउने । (सामाग्री एनेक्स ५.२)

### प्रश्नहरू

१. बाल बिछोडको कारण के के हुन सक्छ ?

२. यस घटना अध्ययनमा बालबालिकालाई परिवारबाट छुटाउन आवश्यक थियो ? यदि थियो भने किन थिएन भने किन ?

३. के यो बाल बिछोड बालबालिकाको हितमा छ ?

- सहभागीको प्रस्तुति पछि घटना नं १ र ३ लाई अनावश्यक बिछोडको रुपमा व्याख्या गर्ने । घटना १ मा पढाई भन्दा पहिले सुरक्षा प्रथामिकता भएको पुनः बताउने । घटना ३, यदि परिवारले अपाङ्गतालाई बोझ नमानिदिएको भए, बालिकालाई एउटा अपाङ्गता सहयोगी सामाग्री उपलब्ध गराई दिएको भए समस्या समाधान हुन सक्ने र दुवै घटनामा परिवारलाई आर्थिक सहयोग र चेतना दिएको भए यो समस्या समाधान हुन सक्ने स्पष्ट पारिदिने साथै दोस्रो घटना अध्ययनमा दुई भाईहरु सुरक्षा र हेरचाहको उच्च जोखिममा थिए र उनीहरुलाई वैकल्पिक स्याहार केन्द्रमा पठाउनु उनीहरुको सर्वोत्तम हितमा थियो भन्ने प्रष्ट पार्ने ।
- जहाँ परिवारलाई सशक्तिकरण, सहयोग, मार्गदर्शन गर्ने अवस्था छ, त्यहाँ सामाजिक समस्याहरु समाधानका लागि काम गर्ने, प्राप्त हुन सक्ने सेवाहरु समन्वय गर्ने, नातादार परिवारहरु तयार गर्ने आदि जस्ता कार्य गर्ने

विकल्पहरु भएका अवस्थामा बालबालिकालाई अलग्याउनु आवश्यक हुँदैन । त्यस्ता बालबालिकाहरुलाई छोटो समयको वैकल्पिक स्याहार प्रदान गर्नुपर्छ । यी कार्यहरु सम्भव नभएमा, परिवारको सदस्य नै बालबालिकाको लागि जोखिम, हिँसात्मक भएमा, हेरविचार गर्न नसक्ने जस्ता अवस्था आएमा, बालबालिकाको सर्वोच्चम हितका लागि बालबालिका आमाबुवाबाट या परिवारबाट अलग्याउनु पर्ने हुन्छ र यहि नै आवश्यकताको सिद्धान्त हो भन्ने मुख्य सन्देश सहित प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ आवश्यकताका सिद्धान्तले बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यक छ भने पहिचान गर्छ र बालबालिकाको सर्वोत्तम हितलाई सुनिश्चता भए मात्र बालबालिकालाई आमा, बुवा या परिवारबाट छुट्याउन आवश्यक रहेको निश्चित गर्छ ।

✍ गरिवी निवारण कार्यक्रम सन्चालन, परिवार विखन्डन गर्ने सामाजिक तत्वको सम्बोधन, परिवार सुदृढ बनाउने कार्यक्रम परिचालन, बाल स्याहार दिवा केन्द्र, राहत कार्यक्रम, भवितव्य सामना गर्ने परम्परागत/अनौपचारिक रणनीति प्रवर्धन, बालबालिका परामर्श, आमाबुवा बाहेकका नातेदारहरुको पहिचान र तयारी, जानजान गरिने बालपरित्याग समयमा सम्बोधन गर्ने जस्ता कार्यले हचुवाको भरमा बालबालिकालाई आमाबुवा वा परिवारको स्याहारबाट अलग्याउन रोक्दछ । यस्ता कार्य संभव भएको अवस्थामा गरिने बाल बिछोड अनावश्यक बाल बिछोड हो । यी कार्यहरु सम्भव नभएमा, परिवारको सदस्य नै बालबालिकाको लागि जोखिम, हिँसात्मक भएमा, हेरविचार गर्न नसक्ने जस्ता अवस्था आएमा, बालबालिकाको सर्वोच्चम हितका लागि बालबालिका आमाबुवाबाट या परिवारबाट अलग्याउनु पर्ने हुन्छ र आवश्यकताको सिद्धान्त यसै कुरालाई सुनिश्चित गर्दछ ।

## क्रियाकलाप ५.३ : वैकल्पिक हेरचाहमा उपयक्तताको सिद्धान्त


### विधि : घटना अध्ययन, समुह कार्य

- सहभागीहरुलाई आफ्नै समुहमा बसेर पूनः त्यहि घटना अध्ययन गर्न लगाउने र निम्न प्रश्नमा केन्द्रित रहि छलफल गरि आफ्नो विचार प्रस्ततु गर्ने ।

### प्रश्नहरु

परिवारबाट अलग्गिएका घटना अध्ययनका पात्रहरुलाई प्रदान गरिएको हेरचाह उनीहरुको लागि सही छ कि छैन् ? छ भने किन ? छैन भने विकल्प के कस्ता हुन सक्छन् ?

- अनाथालयको वातावरणले कवितालाई कसरी हानी पुऱ्याउन सक्छ र संस्थागतीकरणले कसरी कवितालाई जोखिम पुऱ्याउन सक्छ छलफल गर्ने । उद्धार टोलीले कविताको चाहना सुनेर उसको अवस्थालाई अध्ययन गरेको र संस्थागतिकरणको दुष्परिणामको ज्ञान भएको भए, कविताको लागि अनाथ आश्रम अनुपयुक्त भएको थाहा पाउँथे । त्यस्तै गरि दुई दाजुभाईको घटना अध्ययनलाई हेर्ने हो भने त्यहाँ दुई दाजुभाईलाई छुट्याउनु उनीहरुको हितमा थिएन । तेस्रो घटना अध्ययनलाई हेर्ने हो भने बालबालिकाको दाँजोमा हेरचाहकर्ताको संख्या अति न्यून छ र अपाङ्गता भएका बालबालिकाको व्यक्तिगत आवश्यकता पुरा हुने अवस्था देखिदैन ।



- उपयुक्तताको दृष्टीकोणले बालबालिकाको सर्वोत्तम हितको सुनिश्चता गर्छ । बालबालिकाको जीवनमा नकारात्मक परिणाम नआउने गरि वैकल्पिक हेरचाह व्यवस्थापन गर्न निर्देशित गर्ने कुरा व्याख्या गर्ने र यो नै उपयुक्तताको सिद्धान्त भएको प्रष्ट पार्ने ।

- उपयुक्त सहयोगका बावजुद बालक वा बालिकाको परिवार निजको पर्याप्त हेरचाह गर्न सक्षम नभएमा वा निजलाई परित्याग गरेमा, बालबालिकाको हित विपरित भएमा, बाल अधिकार संरक्षणकर्ता र आधिकारप्राप्त स्थानीय निकाय तथा आधिकार प्राप्त नागरिक समाज संस्थाहरुबाट बालबालिकाको सर्वोतमा हित आंकलन गरि परिवार वा आमाबुवा बाट अलग्याउनु आवश्यकताको सिद्धान्त र वैकल्पिक हेरचाह अन्तर्गत राखिएको बालक वा बालिकाको हेरचाह सुरक्षा, निजलाई  कति उपयुक्त छ वा छैन भन्ने कुराको सुनिश्चिता नै उपयुक्तताको सिद्धान्त भएको मुख्य सन्देश सहित प्रष्ट पार्ने ।

-

## मुख्य सन्देश

- बालबालिकाहरुका जीवनमा सकारात्मक प्रभाव पार्नको लागि अपनाईने सही र बालबालिका  हितकर हेरचाहको वातावरण नै उपयूक्तताको सिद्धान्त हो । यसका लागि बालबालिकाको सहभागिता महत्वपूर्ण हुन्छ । यसै सहभागिता मार्फत उनीहरुको उपयूक्त हेरचाह निणर्य गर्न ठुलो भूमिका खेल्दछ ।

- मानव अधिकार दायित्वहरुको पालना गर्दै प्रदान गरिने आधारभूत सेवाहरु, विशेष गरि स्वास्थ्य सेवा र शिक्षामा पूर्ण पहुँच, बालबालिकाको इच्छा सुनुवाई र निर्णयमा बालबालिकाको सहभागिता प्रवर्द्धन, उपयूक्त हेरचाहको लागि प्रयाप्त मानव संसाधन, आमाबुवा परिवारको अन्य सदस्यहरुसँग उपयूक्त सम्पर्कको सुविधा, बालबालिकालाई हिंसा र शोषणबाट संरक्षण, आफ्नो समुदाय र संस्कृति नजिकैको वैकल्पिक स्याहार वा पुर्नस्थापना नै उपयूत्तताका सिद्धान्तको प्रमुख विशेषता हुन् ।


# सत्र ६
# बालबालिकालाई परिवार साथै राखौ

समय : १ घन्टा ४५ मिनेट

विधि : समुहगत छलफल, समुह कार्य, व्याख्यान , चिन्तन

तालिम सामग्री : चार्ट पेपर, मेटा कार्ड, पावार पोइन्ट स्लाइड वा न्यूज प्रिन्टमा लेखेर तयार पारेको सामाग्री, मार्कर

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals



## सत्रको उदेश्यः सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन् ।

- परिवारलाई एक साथै राख्नको लागि साधनको रुपमा गेटकिपिङ्गको अवधारणा र महत्व  बुझ्न,
- विभिन्न देशका गेटकिपिङ्गका फरक फरक नमुना बुझ्न र नेपालमा यसको सम्भावना आकंलन गर्न,
- गेटकिपिङ्ग कसरी गर्न सकिन्छ भनी सोच विकास तयार गर्न ।

यो सत्रले बालबालिकालाई आमाबुवा र परिवार संगै राख्न संयुक्त राष्ट्र संघीय वैकल्पिक निर्देशिकाले निर्देशन गरे अनुसार गेटकीपिंग संयत्रको बारेमा जानकारी दिनेछ । यो साधनको उपयोग विभिन्न देशहरुले कसरी गरेका छन् भन्ने तथ्य अध्ययन गर्दै, नेपालमा कसरी यो संयत्र मार्फत बालबालिका र परिवार साथै राख्न सकिन्छ भन्ने कार्य गर्न सोच विकासमा सहयोग गर्दछ ।




## क्रियाकलाप ६.१: बालबालिकालाई परिवारसंगै राख्न गेटकीपिंग सयन्त्र

### विधि : समुह कार्य, बाल बिछोडको चक्र र सहयोगी चक्र

- सहभागीहरुलाई पुनः अघिकै समुहमा उहि घटना अध्ययन लिन लगाउने । हरेक समुहलाई एक चार्ट पेपर दिने ।
- बाल बिछोडको चक्र स्लाईड वा न्यूज प्रिन्ट सामाग्रीबाट चक्र देखाउने र परिवारबाट बालबालिका बिछोड हुन परिवार मात्र नभएर, यसका वरिपरिका विभिन्न तहगत संरचनाले कसरी प्रभाव पर्छ व्याख्या गर्ने । तिनै समुहलाई आफ्नो घटना पुन अध्ययन गर्न लगाउने र बाल बिछोडको चक्र बनाउन तयार  पार्ने ।
- बाल बिछोडको भित्री सर्कल बनाउने र त्यसको केन्द्रमा बालबालिका र परिवार राख्ने । तिनै समुहहरुलाई

दिएको घटनामा के के पारिवारिक कारणले गर्दा बालबालिका बिछोडमा परे पहिचान गर्न लगाउने जस्तै : गरिबी, राम्रो शिक्षाको कमी, आमाबुवाको मृत्यु हुनु आदि । आफ्नो घटनाको पारिवारिक कारक तत्व उक्त चक्र भित्र लेख्न लगाउने ।

- त्यसपछि उक्त चक्रको बाहिर अर्को चक्र बनाउन लगाउने । आफ्नो घटनामा बाल बिछोड गराउने के के सामुदायिक कारणहरु थिए, छलफल गर्न लगाउने (सामाजिक मान्यता, सामाजिक कलंक, भेदभाव,खराब विद्यालय,आदि) र सामुदायिक कारक तत्व उक्त दोस्रो चक्र भित्र लेख्न लगाउने ।
- त्यसपछि सहभागीहरुलाई उक्त चक्रको बाहिर तेस्रो चक्र बनाउन लगाउने । अब सरकारी स्तरको कारण ( नीति, नियमन, सामाजिक सुरक्षा कार्यक्रम, परिवार सहयोगी कार्यक्रम अभाव  आदि) छलफल गर्न लगाउने र राष्ट्रिय कारक तत्व उक्त तेस्रा चक्र भित्र लेख्न लगाउने ।
- हरेक समुहलाई आफ्नो बाल बिछोडको चक्र प्रस्तुत गर्न लगाउने र कसरी बाल बिछोड विभिन्न तहका भिन्न भिन्न कारणले हुँदो रहेछ व्याख्या गर्ने ।
- हाम्रो उद्देश्य बालबालिकालाई अनावश्यक बिछोडबाट बचाउनु र परिवार संगै हुर्कन सहयोग गर्नु हो । त्यसैले यस बिछोडको चक्रलाई, परिवार संगै बालबालिका राख्ने सहयोगी चक्र कसरी बनाउने, आफनो समुहमा छलफल गरि अघि लेखेको कारणहरुको समाधान पत्ता लगाउन लगाउने र त्यस्तै चक्र अर्को चार्ट पेपरमा बनाउन लगाउने । हरेक समुहलाई आफ्नो सहयोगी चक्र प्रस्तुत गर्न लगाउने ।



- बालबालिका परिवारसंगै राख्ने सहयोगी चक्र देखाउदै सहभागीका बूँदा पनि सम्मिलित गर्दै परिवारलाई सहयोग गर्ने, अभिभावकलाई बाल बिछोड हानी सम्बन्धी  शिक्षा दिने, अपाङ्गता सम्बन्धी चेतना, र समुदायमा सामाजिक समावेशिकरण, विपद पूर्व तयारि तालिम, उपयूक्त हेरचाहको लागी जनशक्ति तालिम, प्रभावकारी बाल संरक्षण अनुगमन प्रणाली आदि भए बालबालिकालाई परिवारसंगै राख्ने सहयोगी चक्र बन्ने छलफल गर्ने ।
- बालबालिकाहरुलाई हानी हुन नदिन द्वारपालकको रुपमा काम गर्ने हाम्रो समुदाय र देशका विभिन्न व्यक्तिहरु, तहगत संरचनाको भूमिका हन्छ जसले अनावश्यक रुपमा बालबालिकालाई परिवार र समुदायबाट बाहिर जान दिदैनन् । यहि संयन्त्रलाई वैकल्पिक हेरचाह निर्देशिकाले गेट किपिंगको रुपमा प्रस्तुत गरेको प्रष्ट पार्ने । गेट किपिंगका तीन पक्ष बुँदागत रुपमा घटना अध्ययन र अन्य उदाहरण दिदै व्याख्या गर्ने ।

**बुँदा ६.१.१ गेट किपिंगका तीन आधार स्तम्भहरु**




- गेट किपिंगका तीन मूख्य कार्यक्षेत्र रहेका छन् जसलाई यसका तीन आधार स्तम्भहरुको रुपमा
  १. अनावश्यक बिछोडको रोकथाम,
  २. उपयुक्त वैकल्पिक हेरचाह
  ३. परिवार/परिवारमा आधारित हेरचाह व्यख्या गर्ने ।
- गेट किपिंगले द्धारपालक जस्तै अनावश्यक रुपमा बालबालिका आमाबुवाबाट अल्लगिन रोक्छ । यस्तै गरि विविध कारणले बिछोडमा परेका बालबालिकाको सर्वोत्तम हित अनुरुप उपयुक्त वैकल्पिक हेरचाह (छोटो समयको लागि), परिवारमा पूर्नमिलन वा उपयुक्त पारिवारिक वातावरणमा पूर्नस्थापना गर्ने कार्य गर्दै बाल बिछोडको दुष्परिणामबाट बालबालिकाको रक्षा गर्ने कार्यमा मद्दत गर्दछ भन्ने प्रष्ट पार्ने ।

- बालबिछोड रोकथामको लागि यस संयन्त्रले सिमित क्षमता भएका, अपाङ्गता, लागू औषध र मद्यपान प्रयोगकर्ता, परिवारहरु विरुद्धको भेदभावमा परेका, सशस्त्र द्धन्द क्षेत्रमा बसिरहेका, आदिवासी र अल्पसंख्यक पृष्ठभूमिबाट आएका बालबालिकालाई उचित पारिवारिक हेरचाहको वातावरण निर्माण गर्न सहायता प्रदान गर्छ । साथै कुनै बालबालिका वा आमाबाबुलाई गरिबी, जातियता, धर्म, लिङ्ग, मानसिक वा शारीरिक अपाङ्गता एच आई भी /एड्स वा अन्य प्राणघातक रोग, अरु कुनै मानसिक वा शारीरिक बनावट/अक्षमता, विवाह नगरिकन जन्म भएको बच्चा, अन्य सामाजिक-आर्थिक, भेदभाव र अरु कुनै अवस्था जसले बच्चालाई बेवास्ता, परित्याग वा बिछोड निम्त्याउन सक्छ, त्यस्तो परिस्थितिको सामना गर्नको लागि विशेष कार्यक्रम तयार गर्न र त्यसलाई व्यवहारमा उतार्न सहयोग गर्ने कुरा व्याख्या गर्ने ।
- अगाडी सत्रमा छलफल गरे जस्तो अत्यावश्यक बिछोड आँकलन गर्ने र पुष्टि भएमा बाल सहभागितामूलक उचित वैकल्पिक हेरचाह व्यवस्था गर्न सघाउँछ भन्ने उदाहरण सहित व्याख्या गर्ने ।
- पहिले नै बाल गृह वा अन्य स्थानमा बिछोडिएर बसिरहेका बालबालिकालाई उनीहरुको आफ्नै आमाबुवा खोजी गरी पारिवारिक पूर्नमिलन गर्न र आमाबुवा नभएको खण्डमा नजिकका नातेदार (मामा, काका, हजुरबुवा हजुरआमा आदि) पहिचान गर्न आवश्यक कार्य पद्दति सहित पारिवारिक वातावरणमा बालबालिका पुर्नस्थापना गर्नसहयोग गर्छ भन्ने व्याख्या गर्ने ।
- बालबालिकाको व्यक्तिगत आवश्यकता पूरा हुने र उनीहरुको सर्वोत्तम हितलाई ध्यानमा राखेर यस सयन्त्रले व्यवसायिक कार्यकर्ता सहित समुदायका नेतृत्वकर्ताहरु चाहे त्यो धार्मिक नेताहरु, मुखिया, भद्र-भलादमी वा बुढापाकाहरु हुन्, सबैसँग मिलेर एक अनौपचारिक संयन्त्रको रुपमा पनि काम गर्छ भन्ने प्रष्ट पार्ने ।
- मुख्य संदेश सहित गेट किपिंगको तीन आधार स्तम्भले बालबालिकालाई बाल बिछोडको हानीबाट बचाउन द्धारपालकको रुपमा काम गर्ने प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ गेटकिपिङ्ग, संयूक्त राष्ट्र संघीय वैकल्पिक निर्देशिका अनुसार बनाईएको एउटा प्रणाली हो जसले बालबालिकाहरूको हेरचाह लागि सही निर्णय गरिएको सुनिश्चित गर्छ र बालबालिकाको सर्वोत्तम हितको आधारमा बाल हेरचाह सुनिश्चित गर्न मद्दत पुऱ्याउँदछ ।

✍ यो संयन्त्रले स्थानीय अधिकारीहरु र समुदायलाई जोखिममा रहेका, वैकल्पिक हेरचाहमा रहेका बालबालिकाहरूको आवश्यकता के हो भनेर बुझ्न र आवश्यकता अनुसारको सेवा सुविधा प्रदान गर्न सक्षम बनाउन मद्दत गर्छ ।

✍ गेटकिपिङ्गले परिवारबाट अनावश्यक रूपले अलग हुन र अनावश्यक वैकल्पिक हेरचाहमा पठाउन बाट रोकथाम गर्नसक्छ । यसले पहिले नै स्याहार केन्द्रमा बसिरहेका बालबालिकाहरुलाई उनीहरूको आफ्नै परिवार र समुदायसँग पुनर्मिलन र पुनर्स्थापना गर्न, परिवारमै फर्काउन पनि सहयोग गर्छ । त्यस्तै गरि यसले बालबालिका संरक्षणमा काम गर्ने जिम्मेवारी निकाय तथा व्यक्तिहरूलाई आवश्यक सुचना संकलन गर्न र एकृकित प्रक्रियाबाट निर्णय गर्न सहयोग गर्छ ।

## क्रियाकलाप ६.२ : परिवेश अनुरूप फरक फरक गेटकिपिङ संयन्त्र

### विधि : घटना अध्ययन, समुह कार्य

- सहभागीहरुलाई अगाडिकै तीन समूहमा बस्न लगाउने । मोल्दोभा ,ब्राजिल र रुवान्डा, ३ वटा देशको घटना अध्ययन गरी प्रश्नहरुमा छलफल गरि प्रस्तुति गर्न लगाउने । (सामाग्री एनेक्स ६.२)

घटना अध्ययनका प्रश्नहरु

१. संम्बन्धित देशमा बाल बिछोड हुनुको कारण के के थियो ?


२. बालबालिकाहरुलाई परिवारमा राख्ने प्रणाली र प्रक्रियाहरु के थिए ?

३. बालबालिकाहरुलाई परिवारमा राख्नको लागि नेपालमा लागु गर्न सक्ने उपायहरु के के हुन सक्छन् ?

- छलफल पश्चात सहभागीहरुलाई प्रस्तुति गर्न लगाउने र देश र परिवेश अनुसार गेट किपिंगको तरिका फरक फरक हुन सक्ने मामला अध्ययनले देखाएको छोटकरीमा तयारी स्लाइड वा सामाग्री बाट प्रस्तुत गर्दै सत्र अन्त गर्ने ।


**बुँदा ६.२.१ : मोल्दोभाको बहुक्षेत्रीय आयोगमा आधारित नमुना**

- मोल्दोभामा जिल्ला, क्षेत्रीय, राष्ट्रिय र केन्द्रीय रुपमा विभिन्न स्तरहरुमा फरक-फरक आयोगहरु छन् । यहाँ बिछोडको जोखिम र वैकल्पिक हेरचाहको आवश्यकता परेका बच्चाहरूको आँकलन तयार गर्ने र सम्बन्धित निकायलाई सिफारिस गर्ने संयन्त्र छ। प्रतिबद्ध द्वारपालको प्रभाव स्वरुप संस्थागत स्याहारमा बस्ने बच्चाहरूको संख्यामा कमी, परिवारमा आधारित हेरचाहको व्यवस्था र आवासीय संस्थाहरु बन्द भएको प्रष्ट गर्ने ।





**बुँदा ६.२.२ : ब्राजिलको अन्तरनिकायात्मक नमूना**

- ब्राजिलले विभिन्न स्तरमा, विभिन्न निकायहरुको संयन्त्रद्वारा काम गर्छ । तीन तहका निकायहरु मर्फत्, बाल अदालत तथा कानुनी संयन्त्रको माध्यमबाट गेटकिपिङ्ग गरिएको पाईएको छ। सामुदायिक सामाजिक सहयोगबाट परिवार सहयोग कार्यक्रम प्रदान गरिएर्को प्रष्ट गर्ने ।




**बुँदा ६.२.३ : रुवान्डाको परिवार र समुदाय सहायता नमुना**

- रुवाण्डाले वृहत कानुनी र परिवार प्रवर्द्धन सेवा सहित परिवार तथा समुदायस्तरमा सहयोग नमुना अनुसार काम गरेको छ। चार तहका द्धारपालन पद्धति परिवार सहयोग सामुदायिक सहयोगमा आधारित देखिन्छ र परिवार सम्बर्द्धन मन्त्रालयले यसको नेतृत्व लिएको प्रष्ट गर्ने ।




**मुख्य सन्देश**

✍ गेटकिपिङ्ग प्रणाली संयुक्त राष्ट्र वैकल्पिक हेरचाह निर्देशिकाद्धारा निर्देशित संयन्त्र हो जसले बालबालिकाहरु अनावश्यक रुपमा परिवारबाट नअलग्गिउन, अति आवश्यक अवस्थामा छोटो समयको लागी उपयूक्त वैकल्पिक हेरचाह पाउन् र अन्तमा परिवारमा आधारित हेरचाहमा नै पूर्नमिलन हुन् भनि सुनिश्चतता गर्दछ ।

✍ देश र परिवेश अनुसार गेटकिपिङ्गका संयन्त्र तथा प्रक्रिया फरक फरक हुन सक्छन् ।

✍ घटना अध्यनका देशहरु पनि नेपालमा जस्तै सामाजिक र आर्थिक अवस्थाका कारणले बालबालिकाहरु बाल बिछोडमा परेको अवस्थामा गेटकिपिङ्ग प्रणालीले बालबालिकालाई सस्थागतिकरणबाट बचाउदै पारिवारिक हेरचाह रुपान्तरण गर्न सफल भएको उदाहरण हुन् । यी नमुनाको आधारमा नेपालमा पनि गेट केपिंग संयन्त्र विकास गर्न सकिन्छ ।

# सत्र ७
# बाल अधिकार कार्यकर्ताहरुको क्षमता निर्माण



🕑 समय : २ घन्टा

**विधि:** समुहगत छलफल, समुह कार्य, व्याख्यान, चिन्तन

तालिम सामग्री: चार्ट पेपर, मेटा कार्ड, पावर पोइन्ट वा तयार पारिएको न्यूज प्रिन्ट, स्लाईड, मार्कर, बाल अधिकार कार्यकर्ताका सीप कार्ड, नैतिक सिद्धान्त कार्ड

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्क:* https://www.stopchildseparation.org/post/category/prechise-frontline-training-manuals

**सत्रको उदेश्य: सत्रको अन्तमा सहभागीहरू निम्न विषयमा सक्षम हुनेछन् ।**

- ❖ बाल अधिकार कार्यकर्ताको अर्थ बुझ्न्,
- ❖ बालबालिकाहरुको आमाबुवाबाट हेरचाह अधिकारमा केन्द्रित हुदै बालसंरक्षण कार्यकर्ताहरुको नैतिक सिद्धान्तहरुमा अन्तरदृष्टि विकास गर्न,
- ❖ बाल अधिकार कार्यकर्ताहरु कार्य कौशल क्षमता विकासमा सहयोग गर्न ।

यस सत्रले सहभागीहरुलाई आमाबुवाबाट हेरचाहको बाल अधिकारका लागि अग्रपङ्क्तिमा काम गर्ने कार्यकर्ताहरुको रुपमा क्षमता र सीप विकासमा सहयोग गर्दछ ।

## क्रियाकलाप ७.१ : बाल अधिकार कार्यकर्ताहरु सामाजिक परिवर्तनका सुत्रधार




**विधि : ३ एच**(3 H) : **हेड, हार्ट, ह्यान्ड** ( **सहभागीमूलक व्याख्यात्मक छलफल**)

- सामाजिक परिवर्तनको वाहक को हुन् ? भनि प्रश्न राख्ने र सहभागीहरुको उत्तर सुन्ने र छलफल गर्ने ।
- बर्षौ देखि समाजमा भैरहेको खराव सामाजिक व्यवहार परिवर्तन गर्ने काममा संम्लग्न व्यक्तिहरुलाई सामाजिक परिवर्तनका वाहक भनिने अवधारणा व्याख्या गर्ने । यसरी नै बालबालिकाको आमाबुवाबाट हेरचाहको बाल अधिकारका लागि पारिवार नै बालबालिकाको उत्तम हेरचाह एकाई हो भनि बाल बिछोड रोक्ने कार्यमा पहिलो पंक्तिको रुपमा काम गर्ने बाल अधिकार कार्यकर्ता पनि सामाजिक परिवर्तनको प्रवर्तक/ सुत्रधार हुन् भन्ने प्रष्ट पार्ने ।
- बालसंरक्षण कार्यकर्ताको ३ एच अवधारणा पावर पोइन्ट स्लाईड वा न्यूज प्रिन्ट सामाग्री देखाउने, बालसंरक्षण कार्यकर्ताको अर्थलाई टाउको (हेड), मुटु (हार्ट) र हात (हान्ड)को रुपमा वर्णन गर्न सकिन्छ जसको अर्थ टाउको भनेको ज्ञान, मुटु भनेको करुणा र हात भनेका आफ्नो लाभार्थीको हात समातेको जस्तो कार्य गर्ने सीप भनी वर्णन गर्ने ।
- मानिसहरुसंग कार्य गर्ने हुनाले यस कार्यकर्ताको विषयगत ज्ञानमा मानवीय मूल्य र मान्यताका नैतिक सिद्दान्तहरुको ज्ञान र व्यवहार पनि पर्छ, छलफल गर्दै व्याख्या गर्ने ।

- सहभागीहरुलाई नैतिक सिद्धान्तको ११ कार्डको प्याकेट देखाउने । सामाज परिवर्तनमा काम गर्ने प्रत्येक व्यक्तिले किन समाज कार्यकर्ताले पालना गर्ने नैतिक सिद्धान्त पालना गर्नुपर्छ बुझाउने । यी सिद्धान्तहरुले बालबालिका र उनीहरुका परिवारलाई व्यवसायिक बाल संरक्षण कार्यकर्ताको दृष्टिबाट हेर्न मद्धत पुऱ्याउने र आफ्नो व्यक्तिगत मूल्य मान्यता कार्य गर्दा हावी हुन नदिने कुरा प्रष्ट पार्ने ।
- सहभागीहरुलाई दुई जनाको समुहमा बस्न लगाउने र ११ वटा नैतिक सिद्धान्तका कार्डबाट २ कार्ड तान्न लगाउने । बाँकी एउटा आफैले लिने । लिएका कार्डहरुको अर्थ छलफल गराउने र प्रत्येक समुहले आफुले छलफल गरेका कुराहरु प्रस्तुति गर्न लगाउने र गर्ने ।
- प्रस्तुति संगै कार्ड भित्तामा टास्दै जाने । कतै प्रष्ट पार्नु पर्ने भए प्रष्ट पार्ने र बाल बिछोड सम्बन्धी  विभिन्न समस्या वा परिस्थितिहरुमा यो कसरी लागु हुन्छ भनि छलफल गर्ने ।
- मुख्य सन्देश सहित यस्ता सिद्धान्तको अभावमा कार्यकर्ताहरुले आफ्नो व्यक्तिगत मूल्य मान्यता र विचार प्रयोग गर्ने अवस्था आउने र यो बालबालिकाको सर्वोत्तम हित प्रतिकुल हुन सक्ने हुँदा, यो सिद्धान्तको पालना गर्दा बाल अधिकारको सिद्धान्तमा आधारित व्यवसायिक कार्य गर्न सकिने प्रष्ट पार्ने ।

## मुख्य सन्देश


✍ बाल अधिकार कार्यकर्ताहरु बाल बिछोडको अवस्था परिवर्तन गर्ने एक प्रमुख सुत्रधार हुन । उनीहरुले यस विषयमा नेपालमा सामाज परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

✍ बालअधिकार कार्यकर्ताहरुको विषयगत ज्ञान र व्यक्तिगत मान्यताहरुले उनीहरुको पेशामा प्रभाव पार्ने गर्दछ । त्यसैले सामाजिक मुल्य मान्यता र बाल अधिकारका अवधारणहरुलाई आफैले प्रयोग गर्दै आफुलाई नै पहिले परिवर्तन गर्न जरुरी हुन्छ ।

✍ बाल अधिकार कार्यकर्ताको पेशा, सामाजिक न्याय, व्यक्तिको मर्यादा, मानव सम्बन्धको महत्व, इमान्दारीता र योग्यतामा आधारित छ । यस्ता कार्यकर्ताहरुले समस्यामा परेका व्यक्तिहरुलाई सहयोग गर्दा व्यवसायिक सामाज कार्यकर्ताको सिद्धान्तलाई मार्गदर्शनको रुपमा लिनुपर्छ ।

✍ आमा बुवाबाट हेरचाहको बाल अधिकारका लागि काम गर्दा  ११ वटा नैतिक सिद्धान्तहरुले अनावश्यक बाल बिछोड रोकथाम, वैकल्पिक हेरचाह व्यवस्थापन र परिवार समुदायसँग पूर्नमिलन कार्यमा व्यवसायिक कार्यगर्न मार्गदर्शन गर्दछ ।

✍ सन्दर्भ र परिस्थिति परिवर्तन भैराख्ने भएकोले बाल अधिकार कार्यकर्ताले जीवनभर सिक्ने दृष्टिकोण आत्मसात गर्नुपर्छ ।



## क्रियाकलाप ७.२ : बाल अधिकार कार्यकर्ताको सीप र व्यवहार

### विधि : सहभागीमूलक व्याख्यात्मक छलफल

- बाल अधिकार कार्यकर्ताका सीपहरु कस्तो कस्तो हुनुपर्छ भनि सहभागीहरु माझ प्रश्न राख्ने, आएको बुँदाहरु टिप्दै जाने । सहभागीहरुका बुँदालाई समेट्दै मुख्य शब्दहरु देखाउने ।

- बालबालिका, परिवार र समुदायसँग काम गर्न सीप/कौशलको महत्वको व्याख्या गर्ने ।
- सामाज कार्यकर्ताको ७ वटा कौशल कार्डहरु  देखाउने र प्रत्येक कार्डको उदाहरण दिदै बुँदागत रुपमा व्याख्या गर्ने ।

१.अनुभूतीकरण　　　　२. प्रभावकारी संचार

३. सम्बन्ध निर्माण　　　४. सांस्कृतिक सक्षमता

५. महत्वपूर्ण सोच　　　६. प्रलेखीकरण

७.व्यवसायिक प्रतिबद्धता ।




**बुँदा ७.२.१ : अनुभूतीकरण**

- प्रत्येक व्यक्तिको अनुभव र भोगाईहरु फरक हुन्छन् र आफ्नो अनुभवको आधारमा दृष्टिकोण पनि बनेको हुन्छ । अनुभुतीकरण भनेको आफुलाई अर्को व्यक्तिको अवस्थामा अनुभुव गर्दै प्रत्येक व्यक्तिको अनुभव र भोगाईहरु पहिचान गर्न सक्ने क्षमता हो भनी व्याख्या गर्ने ।




**बुँदा ७.२.२ : सम्बन्ध निर्माण**

- चुनौतीपूर्ण वा असाधारण परिस्थितिमा बालबालिका र बालबालिकाको परिवारको अनुभव र परिस्थिति आँकलन गरेपछि आगामी कार्य गर्न विश्वासिलो सम्बन्ध बनाउन अति जरुरी हुन्छ । सकारात्मक सम्बन्ध बिना बाल अधिकार कार्यकर्ताहरुले जानकारी प्राप्त गर्न सक्दैनन् । समुदायमा बसेका व्यक्तिहरुको सोचमा परिवर्तन ल्याउनको लागि पनि सम्बन्ध निर्माणको महत्वपूर्ण भूमिका हुन्छ । यसका लागि कसरी सहि मन र भावनाले सेवाग्राहीहरुसंग व्यवसायिक तर आत्मीय सम्बन्ध निर्माण गर्ने छलफल गर्दै व्याख्या गर्ने ।




**बुँदा ७.२.३ : प्रभावकारी संचार**

- प्रभावकारी संचारको बारेमा कार्डमा लेखिएको व्याख्या गर्ने र सामाजिक कार्यकर्ताको प्रभावकारिता नै बोलीचाली र प्रभावकारी संवादमा भर पर्ने हुनाले, आफुले गर्ने सम्बन्धित व्यक्ति, परिवार, बालबालिका आदि संगको संचार प्रभावकारी, अर्थपूर्ण र विश्वासिलो हुनु पर्छ  भन्ने छलफल गर्दै प्रष्ट पार्ने ।




**बुँदा ७.२.४ : सांस्कृतिक सक्षमता**

- हाम्रो देश नेपाल बहुसांस्कृतिक देश हो । यहाँ १२५ जातिय समुह र ९२ भाषा भएका समुदाय बसोबास गर्छन् । त्यसैले बाल अधिकार कार्यकर्ताले बिना पूर्वाग्रह फरक फरक जनजाति, वर्ग ,जात, धर्म, लिङ्ग, यौनिक झुकाव, उमेर, अपाङ्गता भएका

व्यक्तिहरुलाई कदर र सरहानापूर्ण व्यवहार गर्न सक्ने क्षमता विकास गर्नु पर्ने हुन्छ भनि छलफल गर्ने ।




**बुँदा ७.२.५ : महत्वपूर्ण सोच**

- कार्ड मार्फत आफुले संकलन तथा अवलोकन गरेको सुचनाको तथ्यपरक मुल्यांकन गर्न सक्नु पर्दछ भन्ने छलफल गर्दै प्रष्ट पार्ने । सहयोगको खाँचोमा रहेका परिवार र बालबालिकाबाट प्राप्त सुचनालाई, विश्लेषण, चिन्तन, तर्क संगत व्याख्या र कारण खोज गर्न सक्ने कौशलले सहि र प्रभावकारी कार्य बनाउन र सम्पादन गर्न महात्वपूर्ण भूमिका खेल्ने छलफल गर्दै व्याख्या गर्ने ।




**बुँदा ७.२.६ : प्रालेखीकरण**

- कार्ड मार्फत लेखनको महत्वको बारेमा बताउने । जानकारीहरुको व्यवस्थापन गर्नको लागि प्रालेखीकरण आवश्यकताको विविध पक्षका र प्रमाणमा आधारित कार्य गर्न लेखनको महत्व व्याख्या गर्ने ।




**बुँदा ७.२.७ : व्यवसायिक प्रतिबद्धता**

- बाल अधिकार कार्यकर्ताहरुको जहिले पनि कामको मुल्य र व्यवसायिक नैतिकता प्रति प्रतिबद्धता हुनुपर्छ । यसैले कुनै परियोजनामा संलग्न हुँदा परियोजना पुरा हुन्जेल सम्म ( विशेष परिस्थिति बाहेक ) संग्लन हुन जरुरी हुने प्रष्ट पार्ने र समय र अवस्था अनुरुप आफ्नो ज्ञान र सीप अध्यावधिक गराई राख्नु पर्ने पनि प्रष्ट पार्ने ।
- मुख्य संदेश सहित यस आधारभूत सीपहरु बाहेक अन्य सीपहरु पनि रहेको जानकारी दिदै जीवनको आफ्नो उदेश्य र इच्छा अनुसार तालिम अथवा शैक्षिक योग्यता लिन सकिने बताउने ।

## मुख्य सन्देश

✍ बाल अधिकार कार्यकर्तासँग सामाज कार्यकर्तामा हुनुपर्ने सीप हुनु जरुरी छ ।

✍ यस्ता सीपहरु बाल अधिकार कार्यकर्ताले प्रयोग र समय सापेक्ष विकास गर्नुपर्दछ र आफुलाई व्यवसायिक बाल अधिकार कार्यकर्ताको रुपमा भिन्न परिस्थिति सामना गर्न तयार पारिरख्नु पर्छ ।

## क्रियाकलाप ७.३ : घटना व्यवस्थापन र घटना सिफारिस प्रक्रिया

### विधि : सहभागीमूलक व्याख्यात्मक छलफल र समुह कार्य




- घटना व्यवस्थापन र घटना सम्प्रेषण (सिफारिस) प्रक्रिया के हो ? प्रश्न राख्ने, छलफल गर्ने
- घटना व्यवस्थापन अर्न्तगत बालबालिका र परिवारको लेखाजोखा गर्ने, हेरचाह योजना तयार पार्ने, सेवा

प्रदान गर्ने, बालबालिका तथा परिवारलाई नियमित सहयोग प्रदान गर्ने ,पारिवारिक भेटघाट र नियमित अनुगमन जस्ता बालबालिका र परिवारसँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु प्रर्दछन्, छोटकरीमा व्याख्या गर्ने ।

- बाल अधिकार कार्यकर्ता घटना व्यवस्थापनमा गर्ने नभएता पनि, घटना सम्प्रेषण कार्य गर्ने व्यक्ति हुनाले घटना व्यवस्थापनको जानकारी हुनु पर्ने प्रष्ट पार्ने र घटना व्यवस्थापनका सामान्य चरणहरु पावर पोइन्ट स्लाईड वा न्यूज प्रिन्ट सामाग्री छोटकरीमा व्याख्या गर्ने ।

**चरण १ : घटनाको पहिचान तथा पूर्व लेखाजोखा**

उदेश्य : यस चरणको उदेश्य दुर्व्यवहार र शोषणको जोखिममा परेका वा पीडित भएका बालबालिकाको पहिचान गरी घटनाको फाइल खडा गर्ने कि नगर्ने भन्ने निर्णयमा पुग्नको लागि पूर्व लेखाजोखा गर्नु हो ।

**चरण २ : बालबालिका र परिवारको लेखाजोखा**

उदेश्य : यस चरणको उदेश्य बालबालिका परिवारको स्पष्ट स्थितिको जानकारी लिनु र उसको उच्चतम हित हुने गरी उचित स्याहार योजना निमार्ण गरि कामको प्राथमिकता तोक्नु तथा तिनका परिवारको लेखाजोखा गर्नु हो ।

**चरण ३ : हेरचाह योजना तर्जुमा**

उदेश्य : हेरचाह योजनाको उदेश्य बालबालिकाको तत्कालीन आवश्यकता तथा दिर्घकालीन संरक्षण र सेवा सहितको योजना सुनिश्चतता गर्नु र प्रत्येक बालबालिकाको व्यक्तिगत स्याहार कार्यक्रम बनाउनु हो ।

**चरण ४ : हेरचाह योजनाको कार्यन्वयन तथा सिफारिस योजना कार्यन्वयन**

उदेश्य : हेरचाह योजनाको कार्यन्वयनको उदेश्य, निर्माण भएको योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चिता गर्नु र स्याहार योजनाको यथासक्य छिटो कार्यान्वयन गर्नु हो ।

**चरण ५ : हेरचाह योजनाको अनुगमन तथा समीक्षा**

उदेश्य : यो चरणको उदेश्य प्राथमिक सेवा प्रदायक तथा सिफारिस गरिएका संस्थाहरुले उपलब्ध गराएका सेवाहरु प्रभावकारी कार्यान्वयन भए–नभएको यकिन गरी परिमार्जन गर्नु हो ।

**चरण ६ : घटना समापन**

उदेश्य : बालबालिकाको जोखिमको न्यूनीकरण भई वा अन्य कुनै कारणले सेवालाई निरन्तरता दिनु नपर्ने अवस्था पहिचान गरी कार्यक्रम समापन गर्नु यो चरणको उदेश्य हो ।

**घटना सम्प्रेषण प्रक्रिया**

- घटना सम्प्रेषण भनेको घरदैलो र सामुदायिक भ्रमण (आउट रिच) मा जांदा आफुले भेटेको वा जानकारीमा आएको घटना र उक्त घटनालाई सम्बन्धित व्यक्ति, संस्था जस्ता घटना व्यवस्थापन गर्ने निकायमा घटना सम्प्रेषण गर्नु पर्छ भन्ने बुझाउने ।
- यसका प्रक्रिया घटना व्यवस्थापनको पहिलो चरणमा पर्छ भनि घटना व्यवस्थापनको सम्पूर्ण चरण घटना सम्प्रेषण र व्यवस्थापन कार्ड वा न्युज प्रिन्ट सामग्रीबाट चरणबद्ध छोटकरीमा व्याख्या गर्ने ।
- घटना सम्प्रेषणमा घटना पहिचान, यस पछि उक्त घटनाको आधारभूत सुचना संकलन तथा बाल कल्याण अधिकारी वा अधिकृत कहाँ घटना दर्ता गराउने कार्य गर्नु पर्ने र उक्त कार्यको लागि संकलित सुचना, घटना उजुरी फाराम राखेर घटना दर्ताका लागि र आफनो संस्थाको लागि घटना फाईल तयार पार्नु पर्ने विषयलाई प्रष्ट संग बुझाउने ।

नोट : घटना सम्प्रेषण फाराम , घटनाको उजुरी फारम घटना सम्प्रेषण फाराम वितरण गर्ने (एनेक्स ७.३)

## क्रियाकलाप ७.३.१: घटना सम्प्रेषण कार्य

### विधि : समूह कार्य

- सहभागीहरुलाई पुनः पहिलेको तीनवटा घटना अध्ययन (कविता ,राम र कृष्ण, सरिता ) समुहमा बस्न लगाउने । उक्त घटनाको अन्तिम अवस्थाको जानकारी प्राप्त भएको अवस्था कल्पना गर्दै, समुहमा छलफल गर्ने र घटना सम्प्रेषण कार्य प्रस्तुत गर्न लगाउने । घटना सम्प्रेषण कार्य प्रस्तुतिमा केही थप्नु पर्ने, सच्चाउन पर्ने भए सो अनुरुप गर्ने ।
- मुख्य संदेश सहित, घटना सम्प्रेषण र घटना व्यवस्थापन बालबालिकालाई सुरक्षित परिवारमा सुरक्षित र विकास प्रोत्साहित वातावरणमा हुर्कन दिन सुनिश्चित गर्ने कार्यको औजार हो र आफ्नो सुपरभाइजर, कार्यक्रम संयोजक, घटना व्यवस्थापन कार्यकर्ता, संस्था, निकायसंग समन्वय गर्दै बाल अधिकार कार्यकर्ताभन्दा माथिल्लो तहका सुपरभाईजर, कार्यक्रम संयोजकले बहुक्षेत्रिय सम्प्रेषण गर्नु पर्ने प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ बाल अधिकार कार्यकर्ताहरुले घटना सम्प्रेषण गर्ने प्रक्रिया जानेको हुनुपर्छ ।

✍ यसका लागि घटना व्यवस्थापन प्रक्रिया बुझ्न आवश्यक हुन्छ ।

✍ घटना व्यवस्थापन र घटना सम्प्रेषण कार्य गर्दा संस्थाको सुपरभाइजर, कार्यक्रम संयोजकहरु सँग समन्वय गर्दै गर्नुपर्दछ ।

# सत्र ८
# समापन सत्र

समय : ४५ मिनेट

- यसै साथ प्रशिक्षण कार्यशालाको सत्र सकिएको जानकारी दिदै सहभागीहरुलाई प्रशिक्षणको प्रतिक्रिया कस्तो भयो भनि प्रतिक्रिया लिने । यसका साथै सहजीकरण, सहभागिता, तालिम विधि, व्यवस्थापन विषयमा प्रतिक्रिया लिन व्यक्तिगत फारम भर्न लगाउन पनि सकिन्छ । यस बाहेक मूल्यांकनको अरु विधि पनि अपनाउन सकिनेछ ।

**समाप्त**

STOP CHILD SEPARATION
बाल बिछोड रोकौं

**www.stopchildseparation.org**
info@stopchildseparation.org

CWISH
सिविस
समाज सेवा तथा मानव अधिकारमा
महिला र बालबालिका

info@cwish.org.np

(Affiliated to Purbanchal University)
KADAMBARI
MEMORIAL COLLEGE
School of Social Work

info@kadambari.edu.np